अनौपचारिक प्रौढ विद्यालय

प्राथमिक तह एक

# नेपाली

लेखकहरू

डा. केशव भुसाल

महेशप्रसाद भट्ट

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

पहिलो संस्करण : वि.सं. २०७६

# हाम्रो भनाइ

विभिन्न कारणले उपयुक्त उमेरमा विद्यालय भर्ना भई औपचारिक शिक्षा हासिल गर्न नपाएका पन्ध्र वर्षमाथिका उमेर समूहका सिकारुहरूलाई लक्षित गरी उनीहरूकै अनुकूल समयमा वैकल्पिक माध्यमबाट शिक्षा प्रदान गर्ने अभिप्रायले अनौपचारिक प्रौढ विद्यालय सञ्चालनमा ल्याइएको हो । पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएको पाठ्यक्रमलाई संश्लेषण गरी प्रौढहरूका लागि सञ्चालित अनौपचारिक प्राथमिक शिक्षा पाठयक्रम, २०६७ का आधारमा कक्षा १-५ को पाँच वर्षको पाठ्यक्रमलाई संश्लेषण गरी तीन तहमा विभाजित गरिएको छ । तीन वर्षमा कक्षा पाँच पूरा गर्ने गरी तयार गरिएको पाठ्यक्रमअनुसार तह एकका लागि पाठ्यपुस्तक विकास भई प्रयोगमा आइसकेको सन्दर्भमा तह दुईका लागि पाठ्यपुस्तक विकास गर्ने क्रममा यो नेपाली विषयको पाठ्यपुस्तक विकास गरिएको हो ।

यस पुस्तकमा समाविष्ट विषयवस्तुहरूलाई सिकारुमैत्री बनाउन विभिन्न प्रौढमैत्री तथा सिकारुकेन्द्रित क्रियाकलापमा सहभागी गराएर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ। शिक्षण सिकाइका क्रममा सहजकर्ताले सिकारुहरूको अनुभवलाई सङ्गठित गर्दै सिकाइ सहजीकरण गर्नुपर्छ। यसै कुरालाई मध्यनजर गर्दै पाठ्यपुस्तकलाई क्रियाकलापमुखी र प्रौढमैत्री बनाउने प्रयास गरिएको छ। यस पुस्तकको लेखन कार्य डा. केशव भुसाल र महेशप्रसाद भट्टले गर्नुभएको हो। पुस्तक लेखनका क्रममा उपमहानिर्देशक श्री चूडामणि पौडेलबाट विभिन्न समयमा सल्लाह र सुझाव प्राप्त भएको थियो । लेखन कार्यको संयोजन पाठ्यक्रम तथा सामग्री शाखाका निर्देशक श्री रेणुका पाण्डे तथा शाखा अधिकृत श्री भीमादेवी कोइरालाबाट भएको हो । यस पुस्तकको भाषा सम्पादन तथा विषयवस्तु सम्पादन श्री रजनी धिमालबाट भएको हो । यस पुस्तकको चित्र तथा लेआउट डिजाइन र आवरण पृष्ठको निर्माण श्री जयराम कुइँकेलबाट भएको हो । अन्त्यमा यस पुस्तक तयारीका लागि सहयोग गर्ने सबैप्रति आभार प्रकट गर्दै आगामी दिनमा पाठ्यपुस्तकमा थप सुधार गर्न रचनात्मक सुझाव तथा प्रतिक्रियाका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र सदैव स्वागत गर्दछ ।

श्री बाबुराम पौडेल
महानिर्देशक
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

विषयसूची


| पाठ | विषय | पृष्ठ सङ्ख्या |
|---|---|---|
| पाठ एक | हामी साह्रै खुसी छौं (गीत) | १ |
| पाठ दुई | शिष्यको परीक्षा (कथा) | ५ |
| पाठ तीन | लुम्बिनी (प्रबन्ध) | १२ |
| पाठ चार | हाम्रो देश नेपाल (गीत) | १६ |
| पाठ पाँच | लोभको परिणाम (कथा) | २० |
| पाठ छ | प्रविधि संवाद (संवाद) | २५ |
| पाठ सात | मिठो बोली (कविता) | ३१ |
| पाठ आठ | बाँदर र मौरी (कथा) | ३४ |
| पाठ नौ | विज्ञानको प्रगति प्रबन्ध) | ३८ |
| पाठ दस | वडा अध्यक्षलाई निवेदन (निवेदन) | ४७ |
| पाठ एघार | असार (कविता) | ५० |
| पाठ बाह्र | अल्छि मानिसको सपना (कथा) | ५५ |
| पाठ तेह्र | खेर नफालौँ (प्रबन्ध) | ५९ |

| | | |
|---|---|---|
| पाठ चौध | घाम छाया (कविता) | ६५ |
| पाठ पन्ध्र | वीरमानका दिन फर्किए (कथा) | ६९ |
| पाठ सोह्र | शिक्षक बन्ने रहर (चिठी) | ७६ |
| पाठ सत्र | बाफसँग पानी (कविता) | ८२ |
| पाठ अठार | शिक्षाको महत्त्व (संवाद) | ८६ |
| पाठ उन्नाइस | पुतली (कविता) | ९३ |
| पाठ बीस | अन्नपूर्ण यात्रा (कथा) | ९७ |
| पाठ एकाइस | वचत गरौँ (प्रबन्ध) | १०२ |
| पाठ बाइस | चाडपर्वलाई सलाम (कविता) | १०८ |
| पाठ तेइस | गोठे र ठगे (कथा) | ११३ |

पाठ एक

# हामी साह्रै खुसी छौँ

- रामचन्द्र लम्साल

(शिक्षा मानिसको तेस्रो आँखा हो । यसले मानिसलाई आफ्नै खुट्टामा उभिन सिकाउँछ, समाज चिन्न सिकाउँछ, समयको गतिसँगै अघि बढ्न सिकाउँछ, पूर्ण मानिस भएर बाँच्न सिकाउँछ । त्यसैले यसको महत्ता सर्वव्यापी छ । तलको कवितामा शिक्षाको महिमालाई गीति लयमा प्रस्तुत गरिएको छ ।)

तलको कविता शिक्षकसँगै गाउँनुहोस् :

हामी साह्रै खुसी छौँ
भित्रबाटै खुसी छौं ।

स्कुल भर्ना भएर
अक्षर चिन्न थालेर ।
मीठा कथा सुनेर
गीत गाउन जानेर ॥




हामी साह्रै खुसी छौं
भित्रबाटै खुसी छौं ।

पढ्न सक्ने भएर

अक्षर लेख्न जानेर ।

मिठो बोल्न सिकेर

एकापसमा खेलेर ॥

हामी साह्रै खुसी छौं

भित्रबाटै खुसी छौं ।

नाँच्न पनि जानियो

हाँस्न पनि जानियो ।

चित्र कोर्न सिकियो

शिक्षा आर्जन गरियो ॥

हामी साह्रै खुसी छौं

भित्रबाटै खुसी छौं ।

---

शिक्षक निर्देशन : शिक्षकले हामी साह्रै खुसी छौँ कविता गति, यति, लय हाली गाउनुहोस् । सँगसँग विद्यार्थीलाई पनि गाउन लगाउनुहोस् ।

## अभ्यास

१. तलका शब्द र तिनको अर्थ पढ्नुहोस् :

| शब्द | अर्थ |
| --- | --- |
| साह्रै | धेरै |
| भर्ना | नाम दर्ता |
| गीत | लय मिलेको रचना |
| एकापस | आआफू, परस्पर |
| कोर्नु | लेख्नु |
| आर्जन | उपलब्धि |

२. धर्सो तानेर जोडा मिलाउनुहोस् :

| | |
| --- | --- |
| शिक्षा | गाउनु |
| चित्र | चिन्नु |
| गीत | आर्जन गर्नु |
| अक्षर | सुन्नु |
| कथा | कोर्नु |

३. तल दिइएको श्लोक पूरा गर्नुहोस् :


नाँच्न............जानियो

............ पनि जानियो ।


चित्र कोर्न ..............


शिक्षा ........... गरियो ॥

४. तल दिइएका चित्रहरू चिन्नुहोस् र नाम लेख्नुहोस् :


..............   ..............   ..............





..............   ..............   ..............

५. तपाईंहरू के गर्दा सबैभन्दा बढी खुसी हुनुहुन्छ ? शिक्षकलाई सुनाउनुहोस् ।

६. तपाईंको समाजमा चलनचल्तीमा रहेको कुनै गीत कक्षामा सुनाउनुहोस् ।

पाठ दुई

# शिष्यको परीक्षा

- ध्रुव घिमिरे

(पढाइको अर्थ पढेर ज्ञान प्राप्त गर्नु हो । प्राप्त गरेको ज्ञानलाई व्यवहारमा उतारेमा मात्र पढाइ सार्थक हुन्छ। यस कथामा ऋषिले आफ्ना शिष्यहरूलाई पढाइअनुसारको व्यवहार गर्न सिकाएका छन् । थप जानकारीका लागि कथा पढ्नुहोस् ।)




उहिले एउटा जङ्गलमा एक जना ऋषि बस्ने गर्दथे। त्यतिबेला अहिलेको जस्तो स्कुल थिएन। त्यसैले विद्यार्थीहरू जङ्गलमै बसी फलफूल खाएर ऋषिसँग मन लगाएर पढ्ने गर्दथे। ऋषि पनि आफ्ना शिष्यहरूलाई खुब माया गर्थे। प्रत्येक कुरा विद्यार्थीले सम्झने गरी पढाउँथे।



एकपटकको कुरो हो, ऋषिले सबै शिष्यहरूलाई 'ईश्वर सबै ठाउँमा छन्, सबैको आत्मा एउटै हो' भनी पढाए। धेरै दिनसम्म यही एउटै पाठ पढाएकाले सबै विद्यार्थीले कण्ठस्थ पारे। तर सधैँ एउटै पाठ पढाएको देख्दा सबैलाई दिक्क पनि लाग्यो। त्यसैले एकदिन ऋषिले "तिमीहरूलाई पाठ आयो ?" भनी सोधेछन्। सबै शिष्यहरूले "आयो गुरु, ईश्वर सबै ठाउँमा छन्, सबैको आत्मा एउटै हो" भनेर कण्ठस्थ सुनाइदिए।

त्यसपछि ऋषिले सबै शिष्यलाई एक एक ओटा भँगेराका बच्चा दिँदै भने, “ल, यो भँगेरालाई कसैले नदेख्ने गरेर मारेर ल्याओ ।” शिष्यहरू पनि “हवस् गुरु” भनेर हिँडे । भोलिपल्ट सबै शिष्यहरू भेला भए । “ल, तिमीहरूले भँगेरा कसैले नदेख्ने गरेर कहाँ कहाँ लगेर मार्‍यौ त, ल भन” ऋषिले सोधे ।



“गुरु ! गुरु !! मैले त पानीमुनि लगेर कसैले नदेख्ने गरेर मारेँ” एउटाले भन्यो ।

“मैले त राति अँध्यारोमा झ्यालढोका बन्द गरेर कसैले पनि नदेख्ने गरेर मारेँ” अर्कोले भन्यो । त्यसैगरी भँगेरालाई कसैले ठूलो भाँडाले छोपेर मारेको, कसैले बिच जङ्गलमा लगेर मारेको कुरा बताए ।

तर एउटा शिष्यले भँगेरालाई नमारीकन जिउँदै आहारा खुवाउँदै ल्याएको देखेर ऋषिले सोधे, “खै त तिमीले भँगेरा मारेनछौँ नि ?” गुरुको प्रश्न सुनी त्यो शिष्यले भन्यो, “गुरु ! हजुरले ईश्वर सबै ठाउँमा छन् भन्नुभएको थियो । त्यसैले पानीमुनि, जङ्गलमा, घरभित्र जहाँ जुनसुकै बेला मार्न खोज्दा पनि कसैले नदेखे पनि ईश्वरले त हेरिरहेका छन् जस्तो लाग्यो र मैले भँगेरालाई मार्न सकिन, क्षमा पाऊँ । त्यसैगरी हजुरले सबैको आत्मा एउटै हो भनी पढाउनुभएको थियो, मेरो जस्तै यो भँगेराको पनि आत्मा एउटै हो । मलाई दुख्छ भने यसलाई पनि दुख्छ। मलाई भोक लाग्छ, त्यसैले यसलाई पनि भोक लाग्छ। मेरा जस्तै यसका पनि आमाबा होलान् । यो मरेको थाहा पाएर यसका आमाबाबु पनि रोलान् भन्ने ठानेर मैले यसलाई जतनसँग समातेर आहारा खुवाउँदै ल्याएको हुँ । बरु आज्ञा पाए यसलाई उडाइदिउँ, यो आफ्नो आमाको काखमा लुटपुटिन जाओस्” शिष्यले नम्र भएर भन्यो ।

शिष्यको कुरा सुनी गुरुलाई साह्रै खुसी लाग्यो र उनले भने, “स्याबास्, मैले यस्तै शिष्य खोजेको हुँ । सबै जीवजन्तुलाई यसैगरी माया गर्न जान्नुपर्छ । पढ्दा सुगाले राम नाम जपेको जस्तो गरेर मात्र हुँदैन । यसरी नै कुरा बुझ्न सक्नुपर्छ ।”

अरू शिष्यहरूले पनि त्यतिका दिनसम्म घोकाएको एउटै पाठ नबुझेकामा गुरुसँग क्षमा मागे ।

---

शिक्षण निर्देशन :

शिक्षकले शिष्यको शिक्षा कथा हाउभाउसहित पढेर सुनाउनुहोस् । बिचबिचमा के भयो ? अब के होला जस्ता प्रश्न सोध्नुहोस् । विद्यार्थीलाई पढ्न लगाउनुहोस् ।

## अभ्यास

१. तलका शब्द र तिनको अर्थ पढ्नुहोस् ।

| शब्द | अर्थ |
|---|---|
| ईश्वर | भगवान |
| क्षमा | दोषीलाई दण्ड नदिई दिइने माफी |
| आत्मा | शरीरलाई जीवित राख्ने विश्वास गरिएको तत्त्व |
| जतन | कुनै वस्तुलाई बिग्रन नदिन गरिने प्रयत्न |
| जङ्गल | बाक्ला रुखबिरुवाहरू भएको ठाउँ |
| कण्ठस्थ | खर्र भन्न सक्ने गरी घोकिएको |

२. तलका शब्दहरू शुद्धसँग पढ्नुहोस् :

ऋषि, जङ्गल, ईश्वर, दिक्क, शिष्य

३. शिष्यको परीक्षा कथा कक्षामा पालैपालो पढेर सुनाउनुहोस् ।

४. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) जङ्गलमा को बस्थे ?

(ख) ऋषिले शिष्यहरूलाई के पढाए ?

(ग) ऋषिले शिष्यहरूलाई के दिए ?

(घ) कति जना शिष्यले भँगेरालाई जिउँदै फिर्ता ल्याए ?

(ङ) एउटा शिष्यले ऋषिले लगाएको काम किन मानेन ?

(च) शिष्यहरूले ऋषिसँग किन क्षमा मागे ?

५. तलका घटनाहरूलाई क्रम मिलाएर कापीमा लेख्नुहोस् :

(क) एउटै पाठ सबै शिष्यहरूले कण्ठस्थ पारे ।

(ख) एउटा जङ्गलमा एक जना ऋषि बस्थे ।

(ग) एउटा शिष्यले भँगेरा जिउँदै ल्यायो ।

(घ) ऋषिले सबै शिष्यलाई एक एक ओटा भँगेराका बच्चा दिए ।

(ङ) शिष्यहरूले ऋषिसँग क्षमा मागे ।

(च) ऋषि साह्रै खुसी भए ।

(छ) ऋषिले शिष्यहरूको परीक्षा लिने विचार गरे ।

६. तलको तालिकाबाट वाक्यहरू बनाई कापीमा लेख ।


| | | |
|---|---|---|
| म<br>छोरो<br>छोरी<br>काका<br>काकी | बजार | गयो ।<br>जानुभयो ।<br>गई ।<br>गएँ । |

७. तपाईँले सुनेको कुनै कथा कक्षामा सुनाउनुहोस् ।

८. तलकोचित्र हेर्नुहोस् र तिनका नाम लेख्नुहोस् :






______________ ______________ ______________





______________ ______________ ______________

९. शिक्षकले भनेका कुनै वाक्य सुनेर लेख्नुहोस् ।

१०. तपाईँलाई मनपर्ने कुनै एउटा चराको चित्र बनाउनुहोस् र नाम पनि लेख्नुहोस् ।

पाठ तीन


# लुम्बिनी

(लुम्बिनी बौद्ध धर्मावलम्बी, म्याटिकन सिटी क्रिस्चियन धर्मावलम्बी र मक्का मदिना मुस्लिम धर्मावलम्बीका महत्त्वपूर्ण तीर्थस्थल हुन् । यीमध्ये लुम्बिनी हाम्रै देश नेपालमा रहेको छ । यहाँ गौतम बुद्ध भगवानको जन्म भएको थियो । यो धार्मिक मात्र नभई पर्यटकीय दृष्टिकोणले पनि महत्त्वपूर्ण छ । यस प्रबन्धमा लुम्बिनीबारे चर्चा गरिएको छ ।)



हाम्रो देशमा लुम्बिनी भन्ने ठाउँ छ । लुम्बिनी रूपन्देही जिल्लामा पर्छ । त्यहाँ टाढाटाढाबाट मानिसहरू आउँछन् । त्यहाँ विदेशीहरू पनि आउँछन् ।

यो भगवान् बुद्ध जन्मेको ठाउँ हो । लुम्बिनी भैरहवा बजारभन्दा पश्चिममा छ । लुम्बिनीमा मोटर जान्छ । भैरहवाबाट बस चढेपछि आधा घण्टामा लुम्बिनी पुगिन्छ ।



भगवान् बुद्धकी आमाको नाम मायादेवी हो । मायादेवी माइत जाँदा लुम्बिनीमा पुगेकी थिइन् । त्यहीँ भगवान् बुद्ध जन्मिएका हुन् ।

भगवान् बुद्ध जन्मेको ठाउँमा मायादेवीको मन्दिर छ । मन्दिरभित्र मायादेवी र बुद्ध सानो छँदाको मूर्ति छ । मायादेवीको मन्दिरको दक्षिणमा सानो पोखरी छ । त्यसभन्दा दक्षिणमा पिपलको ठुलो रुख छ । मन्दिरको पश्चिममा ढुङ्गाको चिल्लो खम्बा छ । त्यसलाई अशोक स्तम्भ भन्छन् ।

मायादेवीको मन्दिरभन्दा उत्तरतिर अरू धेरै मन्दिर छन् । ती मन्दिर विभिन्न देशले बनाएका छन् । त्यहाँ नेपाल, बर्मा र थाइल्यान्डले बनाएका मन्दिरहरू छन् । त्यहाँ चीन, जापान, जर्मनी आदि देशले बनाएका मन्दिरहरू पनि छन् । लुम्बिनीलाई मन्दिर र चैत्यले ढाकेको छ । मन्दिर र चैत्य सुन्दर देखिन्छन् । लुम्बिनीमा घुम्दा आनन्द आउँछ ।

शिक्षण निर्देशन

नेपालमा धार्मिक तथा पर्यटकीय स्थलहरूबारे कक्षामा विद्यार्थीलाई छलफल गराउनुहोस् । लुम्बिनी प्रबन्ध गति, यति मिलाई सस्वरवाचन गर्नुहोस् । विद्यार्थीलाई समेत केही अनुच्छेद सस्वरवाचन गर्न लगाउनुहोस् ।

---

## अभ्यास

१. तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
| --- | --- |
| मूर्ति | खम्बा |
| स्तम्भ | माटो, ढुङ्गा आदिका देवता, मान्छे |
| माइत | बुद्धको मन्दिर |
| चैत्य | ढुङ्गा, माटो आदी राखनेर सतहभन्दा अग्लो पारी बनाइएको बौद्धहरूको देवालय, बौद्ध मन्दिर |

२. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) लुम्बिनीमा को जन्मेका थिए ?

(ख) लुम्बिनी नजिकै कुन बजार छ ?

(ग) लुम्बिनीमा कसको मन्दिर छ ?

(घ) मायादेवीको मन्दिरमा कसको मूर्ति छ ?

(ङ) लुम्बिनीलाई केले ढाकेको छ ?

(च) लुम्बिनी कस्तो छ ?

३. मानिसहरू लुम्बिनी घुम्न किन मन पराउँछन्, भन्नुहोस् ।

४. तपाईँको वरिपरि रहेको कुनै धार्मिक स्थलबारे कक्षामा सुनाउनुहोस् ।

५. शुद्धसँग पढ्नुहोस् :

| | | | |
|---|---|---|---|
| घण्टा | ढुङ्गा | खम्बा | बुद्ध |
| बर्मा | चैत्य | चिल्लो | स्तम्भ |
| मन्दिर | दक्षिण | पश्चिम | आनन्द |
| लुम्बिनी | जन्मिएको | थाइल्यान्ड | सुन्दर |

६. 'लुम्बिनी' प्रबन्धका पहिलो र दोस्रो अनुच्छेद सार्नुहोस् ।

७. तलको तालिकाबाट मिल्ने वाक्य बनाउनुहोस् :

| | | |
|---|---|---|
| म<br>हामी | आज<br>हिजो | जान्छु ।<br>गएँ ।<br>गयौँ ।<br>जान्छौँ । |

८. तलका शब्द राखेर वाक्य बनाउनुहोस् :

मूर्ति खम्बा माइत गुरु कुटी

९. रेडियोको बाल कार्यक्रम सुन्नुहोस् र तपाईँले सुनेका कुरा कक्षामा भन्नुहोस् ।


पाठ चार

# हाम्रो देश नेपाल


(नेपाल बहुजातीय, बहुभाषिक र बहुधार्मिक मुलुक हो । नेपाल पूर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्म फैलिएको छ । त्यस्तै नेपाल उत्तरमा विशाल हिमशृङ्खलादेखि दक्षिणमा तराईका समथर भूभागसम्म फैलिएको छ । यस कवितामा नेपालको भूबनोट र प्राकृतिक सुन्दरताको वर्णन गरिएको छ ।)

तलको कविता शिक्षकले गाएको सुन्नुहोस् र सँगै गाउनुहोस् :

उत्तरतिर अग्ला हिमाल सधैँ हिउँ पर्छ
हिउँ पग्ली नदीनाला झर्ना बनी बग्छ ।




डाँफे भई मलाई पनि उड्न मन लाग्छ
सगरमाथा शिखरमा चढ्न मन लाग्छ ।




दक्षिणमा तराई छ समथर गाउँ
धान, गहुँ धेरै फल्ने कस्तो राम्रो ठाउँ ।

तराईका बगैँचामा आँप, लिची, कटहर
त्यो ठाउँमा जान मलाई लाग्यो निकै रहर



हिमाल र तराईका बीच भागमा पर्ने
डाँडापाखा हरियाली झर्ना पनि झर्ने ।



लालीगुँरास फुलेपछि ढकमक्क हुने
पहाडमा बस्दा मेरो मनै रमाउने ।

शिक्षण निर्देशन

गीत शिक्षण गर्दा सुरुमा दिइएका चित्रका बारेमा छलफल गराउनुहोस् । त्यसपछि सबैले सुन्ने गरी गति, यति र लय मिलाएर शिक्षकले गाउनुहोस् । विद्यार्थीलाई पहिले सामूहिक रूपमा र पछि एक्लाएक्लै गीत गाउन लगाउनुहोस् ।

---

## अभ्यास

१. तलका शब्द र तिनको अर्थ पढ्नुहोस् :

| शब्द | अर्थ |
|---|---|
| झर्ना | छाँगाबाट झरेको पानी |
| समथर | सबैतिर सम्म परेको भूभाग |
| शिखर | पहाडको सबैभन्दा उच्च भाग |
| बगैँचा | फलफूल प्रशस्त भएको जग्गा |
| ढकमक्क | यताउता ढाकिने गरी फूल फुलेको अवस्था |

२. तलका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस्

(क) हिउँ कहाँ पर्छ ?

(ख) हिउँ पग्लेर के बन्छ ?

(ग) उत्तरमा के छन् ?

(घ) दक्षिणमा कुन ठाउँ छ ?

(ङ) हिमाल र तराईका बिचमा के छ ?

(च) बगैँचामा के के छन् ?

३. हाम्रो नेपाल कस्तो छ ? छलफल गरी कक्षामा सुनाउनुहोस् ।

४. शुद्ध र स्पष्टसँग उच्चारण गर्नुहोस् :

हिउँ, डाँफे, बगैँचा, आँप, पाखा, ढकमक्क, गुराँस, गहुँ, हमाल, तराई

५. तलका शब्दहरू कापीमा सार्नुहोस् :

हिमाल, तराई, पहाड, कटहर, नदी


६. आफूले सुनेको कुनै एउटा गीत कक्षामा सुनाउनुहोस् ।

७. चित्र हेर्नुहोस् र मिल्ने शब्दमा गोलो घेरा लगाउनुहोस् :

घम

घाम

घामा



हिमाल

हिमला

हिमाल



जून

जन


जूना




धार

धारा

धरा



८. चित्र हेर्नुहास् र छुटेका अक्षर राखेर कापीमा सार्नुहोस् :

.......... म     हि ........ल     ..............न

पाठ पाँच

# लोभको परिणाम

- सुषमा आचार्य

(मानिसले अरुको उपलब्धिमा डाहा गर्नुहुँदैन । जत्ति छ त्यत्तिमा सन्तुष्टि लिनुपर्दछ । बाँकी पाउनका लागि निरन्तर सङ्घर्ष गर्नुपर्दछ । अरुको सिको गर्नुभन्दा मौलिकतामा बाँच्न सक्नुपर्छ । अरूको सिको गरेर गरिने कार्यले दुष्परिणाम निम्त्याउँछ ।)





एउटा गाउँमा दुईजना बूढाबूढी बस्थे । तिनीहरू साह्रै गरिब थिए । छोराछोरी कोही थिएनन् । तिनीहरूका गाउँ सहरभन्दा धेरै टाढा थियो । त्यसैले त्यो गाउँमा दुई तीनओटा घर मात्र थिए । त्यो गाउँमा थोरै घर र धेरै रुखहरू

भएकाले थुप्रै बाँदरहरू आउँथे । ती बूढाबूढीको बारीमा रोपेका फलफूल, मकै सबै टिपेर खान्थे । ती बूढाबूढीले पाकेर खाने बेलामा केही खान पाउँदैनथे । त्यसैले बूढा र बूढीले बारीमा गएर मूर्तिको रूपमा उभिने सल्लाह गरे ।

बूढाले म मूर्ति भएर बारीमा नचलेर उभिन्छु भने । त्यो देखेपछि बाँदरहरू आउँदैनन् भन्ने बूढाबूढीले विचार गरे । भोलिपल्ट उज्यालो हुनुभन्दा अगाडि नै बूढा मूर्ति भएर बारीमा उभिए । बाँदरहरू त आए । टाढैबाट ओहो ! यो त मूर्ति पो रहेछ यसलाई बोकेर लगौँ भने । राम्रो ठाउँमा सिँगारेर राखौँ भनी कुराकानी गरे । त्यो कुरा बूढा मान्छेले सुनिरहेका थिए तैपनि उनी चुप लागेर बसिरहे । अब मलाई कता पुऱ्याउने हुन् भन्ने पिर पनि उनलाई लागेकै थियो ।

पाँच छ ओटा बाँदरहरू आए । विस्तारै काँधमा बोकेर लग्न थाले । एउटा नेता बाँदरले भन्यो, "विस्तारै गर हाम्रो मूर्ति लड्ला । फेरि लड्यो भने र म्रो हुँदैन ।" जाँदा जाँदा बाटोमा खोला तर्नु पर्ने भयो । खोलामा पुगेपछि बाँदरहरूले गीत गाउन थाले । बाँदरहरूको गीत सुनेर बूढालाई हाँसो उठ्यो तर हाँसो खपेर बसिरहे ।



बाँदरहरूले बूढालाई बोकेर एउटा डाँडाको टुप्पोमा पुऱ्याए । यही राख्नुपर्छ भन्न थाले । बाँदरको नेताले अब हामीले मूर्तिलाई सिँगार्नु पर्छ । ल सुनको बाकस ल्याऊ भन्यो । अर्को बाँदरले दुईओटा सुनका बाकस ल्याएर सुनका असर्फी

खन्यायो । अब मूर्तिको शरीरभरि टाँस्नुपर्छ । मूर्तिको लुगा फुकालौँ भन्न थाले । जब लुगा फुकाल्न खोजे अनि बूढा चल्न थाले र हाँस्न थाले । यो देखेर सबै बाँदरहरू डराएर भाग्न थाले । सबै बाँदरहरू भागेपछि सबै सुन बटुलेर बाकसमा हालेर बूढा मान्छेले घरमा ल्याएर श्रीमतीलाई दिए । श्रीमती धेरै खुशी भएर गाउँलेलाई भनिन् । ती गाउँले पनि आश्चर्य मान्दै हेर्न आए ।

भोलिपल्ट अर्को एउटा गाउँलेले त्यसैगरी मूर्ति भएर बारीमा बस्ने विचार गऱ्यो । फेरि पनि त्यसैगरी बाँदरहरू आए । मूर्ति कसरी आएर फेरि यहाँ बस्यो भन्दै छक्क परे । अब यसलाई पनि लिएर जाऊँ भन्दै बोक्न थाले । त्यसैगरी खोलामा पुगेपछि गीत गाउन थाले । बाँदरको गीत सुनेर उसले आफ्नो हाँसो खप्नै सकेन र हाँस्यो । त्यो थाहा पाएर बाँदरहरूले यो त मूर्ति हैन रहेछ । यसलाई यही खोलामा फलिदिऊँ भनेर त्यही फालिदिएर हिँडे । बिचरा ! बल्ल बल्ल पौडिएर घर आइपुग्यो । श्रीमतीलाई भन्यो, "अर्काले गऱ्यो भनेर देखासिकी गर्न हुँदो रहेनछ । म त आज झन्डै मरेको थिएँ । अब यस्तो कहिल्यै गर्दिन ।"

## अभ्यास

१. तलका शब्दहरूको अर्थ पढ्नुहोस् :

| शब्द | अर्थ |
|---|---|
| बारी | बाली लगाउने जग्गा |
| मूर्ति | ढुङ्गो, माटो, धातु वा काठबाट बनाइएको जड वस्तु |
| बाकस | लुगा, समान आदि राख्न बनाइएको भाँडो |

आश्चर्य अचम्म

देखासिकी अरूको नक्कल

२. शुद्धसँग उच्चारण गर्नुहोस् :

बुढाबुढी, फलफूल, बाँदर, काँध, भोलिपल्ट, आश्चर्य, छक्क ।

३. लोभको परिणाम कथाका आधारमा खाली ठाउँ भर्नुहोस् :

(क) बूढाबूढी साह्रै ..........................थिए ।

(ख) गाउँमा बाँदर..........................।

(ग)................भने राम्रो हुँदैन ।

(घ) श्रीमती धेरै ....................भएर................. भनिन् ।

४. तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) बूढाबूढीको गाउँ कहाँ थियो ?

(ख) बूढाबूढीको गाउँमा के आउँथे ?

(ग) बूढा कहाँउभिए?

(घ) बाँदरहरूले बूढालाई के गरे ?

(ङ) बाँदरहरूले बूढालाई कहाँ पुऱ्याए ?

(च) बाँदरहरू के देखेर भाग्नथ ाले ?

(छ) बूढाले घरमा के ल्याए ?

५. वाक्यमा प्रयोग गर्नुहोस् :

गरिब, मूर्ति, नेता, सुन, बाकस, देखासिकी, खुसी ।

६. कोष्ठकमा दिइएका शब्द छानी वाक्य पूरा गर्नुहोस् :

(क) चमेली बजार................. । (जान्छ, जान्छे)

(ख) छविलालले पुस्तक............. । (किन्यो, किनी)

(ग) .................घर जानुभयो । (आमा, छोरा)

(घ) केटाहरू ....................... । (खेल्छ, खेल्छन्)

(ङ) तिमी असल .....................। (छौ, छौं)

७. लोभको परिणाम कथा कक्षामा सुनाउनुहोस् ।

## पाठ छ प्रविधि संवाद

(सामाजिक सञ्जालको विकासलाई प्रविधिका क्षेत्रमा चौथो क्रान्ति मानिन्छ । यसले मानिसको जीवनयापनलाई सरल बनाइदिएको छ । यसको सही सदुपयोग गर्दै प्रयोगकर्ताले प्रशस्त लाभ लिन सक्छन् । प्रविधि संवाद सामाजिक सञ्जालको महत्त्वसँग सम्बन्धित रहेको छ ।


मौसम : मौसमी तिमी अनौपचारिक विद्यालय पढ्न थालेको हो र ?

मौसमी : हो त ।

मौसम : तिमीलाई त चिठी लेख्न आउला नि है ।

मौसमी : आउँछ नि । किन र ?

मौसम : हेर न छोरा कतार गएको धेरै भइसक्यो । चिठी पठाऊँ भनेको लेख्नै आएन ।



मौसमी : ह्या ! तिमी पनि ।

मौसम : किन नि ?

मौसमी : अहिलेको समयमा पनि चिठी लेख्दै बस्ने हो र ?



मौसम : अनि के गर्नु त ?

मौसमी : खुरुखुरु फेसबुकबाट सन्देश पठाउनू । भिडियो कल गर्नु नि ।

मौसम : ल ! के भन्छे ?

मौसमी : सामाजिक सञ्जाल भन्ने सुनेका छौ ?

मौसम : छैन नि ।

मौसमी : हिजो हामीलाई कक्षामा शिक्षकले सामाजिक सञ्जालबारे पढाउनुभयो । चलाउन पनि सिकाउनुभयो । कस्तो रमाइलो हुँदो रहेछ । सजिलो पनि ।

मौसम : हो र ! अनि त्यसमा चिठी पठाउन सकिन्छ ?

मौसमी : चिठी जस्तै गरी सन्देश पठाउन मिल्ने रहेछ । टाढाको मान्छेसँग प्रत्यक्ष कुरा गर्न पनि मिल्दो रहेछ नि ।

मौसमी : अनि महङ्गो होला नि ।

मौसम : के महङ्गो हुन्थ्यो ! सस्तो रहेछ नि । अनि समय पनि वचत हुँदो रहेछ ।

मौसम : बाबै ! तँ यति धेरै जान्ने भइस् है ।

मौसमी : हो नि । हाम्रो अनौपचारिक प्रौढ विद्यालयमा यस्ता धेरै कुरा सिकाइन्छ नि ।

मौसम : अरू के के सिकाइन्छ ?

मौसमी :   कम्प्युटर, फोन, मोबाइल आदि विज्ञान प्रविधिबारे सिकाइन्छ पनि ।



मौसम :   मलाई पनि लैजाऊ न त सँगै विद्यालय ।

मौसमी :   अब चिठी लेख्ने झन्झट छोड ।
भोलिदेखि मसँगै विद्यालय हिँड ।

मौसम :  हुन्छ । अब म पनि तिमीसँगै प्रौढ विद्यालयमा जान्छु ।

शिक्षण निर्देशन

शिक्षकले सामाजिक सञ्जालको प्रयोगबारे कक्षामा छलफल गर्नुहोस् । फेसबुक म्यासेन्ज, ट्विटर आदिबारे छलफल गर्नुहोस् । यसको प्रयोगगत महत्त्वबारे प्रश्नोत्तर गर्नुहोस् ।

## अभ्यास

१. तलका शब्द र तिनको अर्थ पढ्नुहोस् :

| शब्द | अर्थ |
|---|---|
| सन्देश | कसैलाई पठाइने विशेष खबर |
| भिडियो कल | भिडियो दृश्यसहितको कुराकानी |
| प्रत्यक्ष | सिधै, आँखा अगाडि देखिएको |
| महङ्गो | बढी पैसा पर्ने |
| झन्झट | मन नपर्दो काम, झमेला |

२. तलका शब्दहरू शुद्धसँग पढ्नुहोस् :

महङ्गो, प्रविधि, सञ्जाल, भिडियो, प्रौढ, झञ्झट

३. तलका शब्दहरू वाक्यमा प्रयोग गर्नुहोस् :

मोबाइल, फोन, चिठी, विद्यालय, मेला

४. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) माथिको संवाद ककसका बिच भएको छ ?

(ख) संवाद कुन विषयमा भएको छ ?

(ग) मौसमले मौसमीलाई के अनुरोध गरेको छ ?

(घ) मौसमीको विद्यालयमा केकस्ता प्रविधिबारे सिकाइन्छ ?

५. माथिको संवाद हाउभाउसहित साथीलाई सुनाउनुहोस् ।

६. 'मोबाइलको महत्त्व' विषयमा कक्षामा एकआपसमा संवाद गर्नुहोस् ।

७. तलका वाक्यहरू पूरा गर्नुहोस् :

(क) नीता घर ................ । (गयो, गई)

(ख) आमा विद्यालय ................ । (गइन्, जानुभयो)

(ग) गुरु कक्षामा ................ । (आउनुभयो, आइन्)

(घ) भाइ घर ................ । (गए, गयो)

८. उदाहरणमा दिइए जस्तै गरी वाक्य बनाउनुहोस् :

उदाहरण : पासाङ किताब पढ्छ ।

| | | |
|---|---|---|
| पासाङ<br>अञ्जु<br>चञ्चल | किताब<br>कलमले | लेख्छ ।<br>लेख्छिन् ।<br>पढ्छ ।<br>पढ्छिन् । |

९. कक्षामा गरेको क्रियाकलापबारे पाँच वाक्यको अनुच्छेद लेख्नुहोस् ।

१०. तलको सूचना पढ्नुहोस् :

> सूचना ! सूचना !! सूचना !!!
>
> मिति २०७६ साल फाल्गुन २८ गते यस वडा कार्यालयमा आँखा उपचारका लागि सिविर सञ्चार हुँदैछ । सबैले आआफ्नो आँखा जचाउनुहोस् ।
>
> वडा कार्यालय
> वडा नं. ४


११. प्रविधिको महत्त्वबारे कक्षामा छलफल गर्नुहोस् ।

पाठ सात

# मिठो बोली

(मानिसले आफ्नो मनका कुरा अरूलाई व्यक्त गर्दा बोल्नुपर्ने हुन्छ । मानिसको बोलीले भनेका कुराको भाव मात्र दर्साउँदैन । उसको संस्कार, नम्रपन, रुखोपन पनि झल्काउँछ । मिठो बोलीवचनले मानिस मानिसका बिच राम्रो सम्बन्ध कायम हुन्छ भने नमिठो बोलीवचनले राम्रो सम्बन्ध पनि बिग्रन सक्छ । त्यसैले बोल्दा निकै ध्यान दिनुपर्छ । मिठो बोली कवितामा बोलीको महत्त्वबारे बयान गरिएको छ ।)

मिठो बोली अमृत हुन्छ,
तितो बोली विष ।
मिठो बोली बोल्यौँ भने
बन्छन् साथी बिस ।




आफूभन्दा ठुलासँग
नम्र भई बोल
सानासँग बोल्दा खेरि
माया रस घोल ।

बोलीको जादुले नै
खुसी बढाउने
साथीसँगी सबैलाई
नजिक बनाउने



फर्काउन सकिँदैन
फुत्किएको बोली
सधैँ बोल मिलाएर
मिठो रस घोली ।



मिठो बोली अमृत हुन्छ
तितो बोली विष
मिठो बोली बोल्यौँ भने
बन्छन् खासथी वीस

मीठो

---

शिक्षण निर्देशन

मिठो बोली र नमिठो बोलीले पार्ने प्रभावबारे विद्यार्थीहरूलाई कक्षामा छलफल गराउनुहोस् । मिठो बोली कविता विद्यार्थीमध्ये केहीलाई गति, यति, लय हाली वाचन गर्न लगाउनुहोस् । आवश्यक परे आदर्शवाचनसँगै वाचन गराउनुहोस् ।

## अभ्यास

१. तलका शब्द र तिनको अर्थ पढ्नुहोस् :

| शब्द | अर्थ |
|---|---|
| अमृत | पिएपछि अमर भइन्छ भनी विश्वास गरिएको पेय पदार्थ |
| नम्र | नरम स्वभावको |

| | |
|---|---|
| विष | प्राणी, वनस्पति आदिलाई विनाश गर्ने तत्त्व |
| सँगी | साथी |
| जादु | चमत्कार |

२. तलका शब्दहरू प्रयोग गरी वाक्य बनाउनुहोस् :

बोली मिठो माया साथी अमृत

३. तलका प्रश्नको एक वाक्यमा उत्तर दिनुहोस् :

(क) मिठो बोली कस्तो हुन्छ ?

(ख) मिठो बोली बोल्दा के बन्छन् ?

(ग) बोलीको जादुले के बढ्छ ?

(घ) साथीहरू नजिक बनाउन के गर्नुपर्छ ?

(ङ) कुन बोली फर्काउन सकिँदैन ?

४. 'मिठो बोली' कविता पढेर खाली ठाउँ भर्नुहोस् :

...... बोली ...... हुन्छ

तितो ....... विष

मिठो बोली ...... भने

....... बीस ।

५. मिठो बोली कविताको पहिलो श्लोक कापीमा सार्नुहोस् ।

६. शिक्षकबाट तीन शब्द प्रयोग भएको वाक्य सुनी कापीमा टिप्नुहोस् ।

७. तलका शब्द शिक्षकबाट सुन्नुहोस् र तपाइँ पनि भन्नुहोस् :

| | | |
|---|---|---|
| तितो- मिठो | बढाउने - बनाउने | रस - बस |
| नम्र - विनम्र | बोली - घोली | खुसी - दु:खी |

८. तलको श्लोकमा मिठोको ठाउँमा नम्र र बोलीको ठाउँमा कुरा शब्द राखी कापीमा लेख्नुहोस् र कक्षामा सुनाउनुहोस् :

मिठो बोली अमृत हुन्छ,

तितो बोली विष ।

मिठो बोली बोल्यौ भने


बन्छन् साथी बिस ।

# पाठ आठ बाँदर र मौरी

- सुषमा आचार्य

(परिश्रमको फल मिठो हुन्छ । परिश्रमीलाई सबैले कदर गर्छन्, सम्मान गर्छन् । आफ्नै पौरखमा बाँचेको पौरखीको मात्रै समाजमा कदर गरिन्छ । जसले अरुको सम्पत्तिमा वक्रदृष्टि लगाउँछ, जसले काम नगरिकन खान खोज्छ, उसलाई समाजबाट तिरस्कृत हुनुपर्छ ।)


तलको कथा ध्यानपूर्वक पढ्नुहोस् :




गाउँमा एउटा जङ्गल थियो । त्यहाँ सालको ठुलो रुख थियो । त्यस रुखमा मौरीको घार थियो । घारमा मौरीले मह बनाएका थिए । एकदिन त्यस रुखमा एउटा बाँदर चढ्यो । उसले त्यो रुखबाट धेरै मौरीहरू यताउता गर्दै उडेको देख्यो । त्यहाँ के रहेछ ?



भनेर उसलाई जान्न मन लाग्यो । बाँदरले सोच्यो त्यहाँ पक्कै पनि केही मिठो चीज हुनुपर्छ नत्र किन यी मौरीहरू यसरी आउने जाने गर्थे ?



बाँदरले बिस्तारै घारतिर हात लम्कायो र घार छोयो । हातमा के आयो जस्तो लाग्यो र हात चाट्यो । ओहो ! कस्तो मिठो र गुलियो रहेछ । अब म पनि खानुपर्‍यो भन्दै हात घारभित्र घुसायो । घारै बिग्रने गरी महको ठूलो चाका निकाल्यो । महसँगै थुप्रै मौरीहरू पनि निक्ले । बाँदरलाई कसैले हातमा कसैले खुट्टामा अनि कसैले टाउकोमा टोक्न थाले । बाँदरले महको चाका फालेर मौरीबाट भाग्न पोखरीमा हाम फाल्यो । पोखरीमा नाक मात्र देखाएर बस्यो । मौरीले उसको नाकैमा गएर टोकिदिए । पानीमा बस्दा पनि सुख नपाएपछि बाँदर यता र उता गर्दै जङ्गलभरि घुम्न थाल्यो । मौरीले चिलेको कम नभएपछि अब यस्तो कहिल्यै पनि गर्दिन भनेर बाँदर त्यो जङ्गलबाट धेरै टाढा गयो । त्यसैले अर्काले बनाएको चीजमा लोभ गर्नुहुन्न । यदि कसैले अर्काको चीजमा लोभ गर्‍यो भने बाँदरले जस्तै दुःख पाउँछ ।



अभ्यास

१. तलका शब्दहरूको अर्थ पढ्नुहोस् :

| शब्द | अर्थ |
|---|---|
| जङ्गल | बाक्ला रुखविरुवा भएको ठाउँ |
| घार | मौरीको घर |
| मह | मौरीले फूलको रसबाट बनाउने गुलियो पदार्थ |
| चाका | मौरीको मह जम्मा गर्ने ठाउँ |
| लोभ | अरुको सम्पत्ति लिने चाहना, लालच |

२. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) मौरीको घार केको रुखमा थियो ?

(ख) रुखमा को चढ्यो ?

(ग) बाँदरले हात कता लम्कायो ?

(ङ) बाँदरले घारभित्रबाट के निकाल्यो ?

(च) बाँदरले कता हाम फाल्यो ?

(छ) बाँदर कहाँ घुम्न थाल्यो ?

(ज) अरूको सम्पत्तिमा लोभ गर्दा के हुन्छ ?

३. बाँदर र मौरी कथाको पहिलो अनुच्छेद सफासँग कापीमा सार्नुहोस् ।

४ बाँदर र मौरी कथाको तेस्रो चित्रमा के भइरहेको छ ? वर्णन गर्नुहोस् ।

५. तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :

महं, बाँदर, चाका, खुट्टा, पोखरी, लोभ, दुःख ।

६. धर्को तानेर जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| मह | अमिलो |
| नुन | पिरो |
| अमला | नुनिलो |
| अचार | गुलियो |

६. अर्काको चिजमा लोभ गर्दा कस्तो परिणाम निस्कन्छ ? आफूले देखेभोगेको कुनै घटनाका आधारमा छलफल गरी कक्षामा सुनाउनुहोस् ।

## पाठ नौ विज्ञानको प्रगति

(विज्ञानको प्रगति प्रबन्ध पढ्नुभन्दा पहिले तलका प्रश्नबारे छलफल गर्नुहोस् :

(क) चित्रमा के के देख्नुभयो ?


(ख) चित्रमा देखिएका साधनमध्ये कुन कुन साधन प्रयोग गर्नुभएको छ ?

(ग) आजभन्दा दस वर्षअघि र अहिले तपाईँको जीवनमा विज्ञानले के कस्तो परिवर्तन ल्याएको महसुस गर्नुभएको छ ? )



हामी आफ्नो दैनिक जीवनमा धेरै वस्तुहरू प्रयोग गर्छौं । बिहान रेडियोबाट देश विदेशका समाचार सुन्छौं । गीतहरू सुन्छौं । टेलिभिजनबाट त संसारमा भएका अनौठा अनौठा कुराहरू देख्न पनि पाउँछौं । टेलिफोन वा कम्प्युटरबाट टाढा टाढाका मानिससँग कुरा गर्न सक्छौं । यसरी सञ्चारका माध्यमबाट संसारका गतिविधिका बारेमा थाहा पाउन सक्छौं ।

हामीले चाहेको ठाउँमा मोटर, रिक्सा, साइकल हवाईजहाज, पानीजहाज जस्ता यातायातका साधनहरू चढेर हामी पुग्न सक्छौं । हामी बिरामी भएमा अस्पताल जान्छौं । डाक्टरले हाम्रो ज्वरो नाप्न थर्मोमिटर लगाउँछन् ।



शरीरभित्र के कस्तो लागेको छ भनेर हेर्न एक्सरे तथा भिडियो एक्सरे गर्छन् । यस्ता धेरै कुराहरू आजभोलि हाम्रो जीवनमा प्रयोग भइरहेका हुन्छन् । त्यस्तै तपाईंले रोबोटको बारेमा पनि धेरै कुरा सुन्नुभएको होला । विकसित देशहरूमा रोबोट भन्ने यन्त्रले मानिस जस्तै काम गर्छ । यस्ता सबै वस्तु तथा सुविधाहरू हामीलाई विज्ञानले प्रदान गरेको

हो । यस किसिमका सुविधाहरू पहिलेका मानिसले पाउन सकेका थिएनन् ।

पहिलेका मानिसहरूले आजको जस्तो देश विदेशका खबर सजिलैसँग थाहा पाउन सक्तैनथे । खबर ल्याउने लाने काममा पनि मानिस आफैँ आउनेजाने गर्नुपर्थ्यो । केवल चिठीपत्रहरूको माध्यमबाट मात्र खबर ल्याउनेलाने गरिन्थ्यो । अहिलेको विज्ञानको युगमा संसारले यातायात, सञ्चार र स्वास्थ्यका क्षेत्रमा धेरै नै प्रगति गरेको छ ।



यातायातमा मोटर, रेलगाडी, पानीजहाज, हवाईजहाज, रकेट आदि ।

सञ्चारमा टेलिग्राम, टेलिफोन, टेलिभिजन, रेडियो, कम्प्युटर, मोबाइल आदि ।

स्वास्थ्यमा थर्मोमिटर, एक्स रे, औषधी आदि ।

मानव सभ्यताको विकास सँगसँगै विज्ञानले धेरै चमत्कारी कामहरू गरेको छ । बिसौँ शताब्दिमा नै मानिस रकेटको सहायताले चन्द्रमामा पुग्न सफल भयो । अचेल त रकेटहरू कम्प्युटरको माध्यमबाट सञ्चालन हुन्छन् । अन्तरिक्षमा समेत बसोबासको व्यवस्था मिलाउने काम विज्ञानको सहायताबाट हुन थालेको छ । यसरी आजको युगमा विज्ञानले धेरै प्रगति गरेको छ ।

हामी घरैमा बसेर कम्प्युटरबाट जापान, अमेरिका जस्ता जुनसुकै ठाउँमा पनि इमेल पठाउन सक्छौँ । अहिले नै पठाएको चिठी तुरुन्तै पुग्छ । त्यस्तै कम्प्युटरबाट कुरा गर्न पनि सकिन्छ । यसरी आजभोलि विज्ञानको महत्त्व दिनदिनै बढ्दै गइरहेको छ ।

---

शिक्षण निर्देशन

पाठ सुरु गर्नुभन्दा पहिले पाठमा रहेका चित्रहरूबारे विद्यार्थीलाई छलफल गराउनुहोस् । शिक्षकले प्रबन्धलाई वाचन गरी सुनाउनुहोस् । विद्यार्थीलाई पनि सस्वर वाचन गर्न लगाउनुहोस् ।

## अभ्यास

१. तलका शब्द र तिनको अर्थ पढ्नुहोस् :

| शब्द | अर्थ |
|---|---|
| अनौठो | नौलो |
| एक्सरे | शरीरको भित्री भागको फोटो खिच्ने यन्त्र |
| थर्मोमिटर | ज्वरो नाप्ने यन्त्र |
| सञ्चार | सूचना आदानप्रदान गर्ने काम |
| टेलिभिजन | एकैपटक सुन्ने र दृश्य देख्न सकिने यन्त्र |
| इमेल | विद्युतीय यन्त्र, कम्प्युटरबाट पठाइने चिठी |

२. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) विदेशमा बस्ने मानिसलाई हालखबर कसरी पठाउन सकिन्छ ?

(ख) मोबाइल फोन भनेको के हो ?

(ग) विज्ञानले स्वास्थ्यका क्षेत्रमा कस्तो सहयोग पुऱ्याएको छ ?

(घ) तपाईँहरूले अहिलेसम्म देखेका र चलाएका वस्तुहरूमध्ये विज्ञानले सबैभन्दा चमत्कार गरेको कुरा कुन हो जस्तो लाग्छ ? किन ?

३. तलका क्रियापदलाई वाक्यमा प्रयोग गर्नुहोस् :

गएको थियो, आएका छौँ, पढेको हुने छ, लेखेका थियौ, सुतेको छ, गरेको हुने छ ।


४. पढ्नुहोस् र कापीमा लेख्नुहोस् :

केटाले बिजुली बत्तीको खम्बामा चढेर बत्ती फुटाउन खोज्दै छ। त्यो देखेर तपाईँलाई कस्तो लाग्यो ? तपाईँ त्यहाँ भएको भए के गर्नुहुन्थ्यो ?

साइकल कसले पहिले चलाउने र धेरै कसले चलाउने भन्ने कुरा नमिलेर साथीहरूबिच झगडा हुँदै छ। के तिनीहरूले गरेको ठिक छ ? तपाईँ भएको भए के गर्नुहुन्थ्यो ? लेख्नुहोस्।

५. शब्द खेलबाट शब्द बनाउनुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :

जस्तैः विज्ञानले मानिसलाई चन्द्रमामा पुग्न मदत गऱ्यो।




(क) ..........................................................

(ख) ..........................................................

(ग) ..........................................................

(घ) ..........................................................

(ङ) ..........................................................

६. उदाहरणका आधारमा तल दिइएका क्रियाबाट क्रियापदका रूप बनाउनुहोस् ।

उदाहरण :

(क) जाँच्नु - जाँचेको थियो, जाँचेको छ, जाँचेको हुने छ ।

(ख) लेख्नु :

(ग) खेल्नु :

(घ) गाउनु :

(ङ) नाँच्नु :

(च) सुन्नु :

(छ) बोल्नु :

७. विज्ञान प्रविधिको विकासले तपाइँको जीवनशैलीमा ल्याएको परिवर्तनबारे कक्षामा छलफल गर्नुहोस् ।

८. तलका शब्द प्रयोग गरेर वाक्य पूरा गर्नुहोस् :

अग्लो गुलियो रातो सेतो

(क) सगरमाथा धेरै .................. छ ।

(ख) हिउँ .................. देखिन्छ ।

(ग) लालीगुराँस .................. रङको हुन्छ ।


(घ) पाकेको आँप .................. हुन्छ ।

८. दिइएका शब्दहरू कापीमा सार्नुहोस् :


वन छाया जनावर बाघ

भालु अबेर खुसी


९. चित्र हेर्नुहोस् र छुटेका अक्षर राखेर कापीमा सार्नुहोस् :







मा ............. .............. डा सिं ...........






खरा .................. ........रि ..........ल

१०. चित्र हेर्नुहोस् र मिल्ने शब्दमा गोलो घेरा लगाउनुहोस् ।

मोरी

मौरी


मैरी



पतुली

पुलित

पुतली



ओषधी

औषधी

असौधी




झोला

भोला

लोला



# पाठ दस वडा अध्यक्षलाई निवेदन

(दैनिक जीवनमा कार्यालयीय पत्रको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यस्ता पत्रका माध्यमबाट कार्यालयबाट प्राप्त हुने सेवा सुविधा पाउन सकिन्छ । त्यसैले यस्ता पत्रमा औपचारिक भाषा र विधिसम्मत ढाँचाको अवलम्बन गर्नुपर्दछ ।

यसमा पत्र लेख्न सिकाउनुभन्दा पहिले विद्यार्थीलाई आफ्ना टोलहरूमा रहेका समस्याबारे छलफल गराई समाधान गर्ने अधिकारीसमक्ष पेस गरिने पत्र लेख्न सिकाउनुहोस् ।)

मिति : २०७५/१०/११

श्री वडाअध्यक्षज्यू,
व्यास गाउँपालिका,
वडा नं. ३ को कार्यालय
दार्चुला, नेपाल

विषय : शुद्ध खानेपानी उपलब्ध गराई पाऊँ ।

महोदय,
प्रस्तुत सम्बन्धमा हामी तुषरपानी टोलका बासिन्दा हौँ । हाम्रो टोलमा केही दिनदेखि पानी नियमित रूपमा आएको छैन । आउँदा पनि फोहोर मिसिएर आउँछ । त्यसैले शुद्ध र नियमित खानेपानीको व्यवस्था गरि दिनुहुन विनम्र अनुरोध गर्दछौं ।

निवेदक
तुषरपानी टोलका बासिन्दाहरू

## अभ्यास

१. तलका शब्द र तिनको अर्थ पढ्नुहोस् :

| शब्द | अर्थ |
|---|---|
| निवेदन | कुनै व्यक्ति वा संस्थाले कार्यालयमा दिने अनुरोध पत्र |
| वडाअध्यक्ष | वडाको प्रमुख |
| बासिन्दा | कुनै ठाउँमा स्थायी रूपमा बसोबास गरेका व्यक्तिहरू |
| नियमित | निरन्तर |
| विनम्र | नम्र तरिकाले |
| निवेदक | निवेदन गर्ने व्यक्ति वा समूह |

२. वडा कार्यालयलाई लेखिएको माथिको निवेदन कक्षामा सुनाउनुहोस् ।

३. शुद्ध गरी लेख्नुहोस् :

गाउँपालिका, अदक्ष, खानेपानि, बिनम्र, बेवस्था

४. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) निवेदनमा मिति कतापट्टि लेखिन्छ ?

(ख) माथिको निवेदन कसले लेखेका हुन् ?

(ग) माथिको निवेदन कसलाई लेखिएको हो ?

(घ) माथिको निवेदनमा के कुराको माग गरिएको छ ?

(ङ) निवेदन लेख्दा के के कुरामा ध्यान दिनुपर्छ ?

५. आफ्नो वडाभित्र एम्बुलेन्सको व्यवस्था मिलाइदिन अनुरोध गर्दै गाउँपालिका वा वडा कार्यालयका प्रमुखलाई निवेदन लेख्नुहोस् ।


६. विगतमा आफूले भोगेको कुनै घटना कक्षामा सुनाउनुहोस् ।

## पाठ एघार असार

(नेपाल कृषिप्रधान देश हो । नेपालमा मौसमी र बेमौसमी बालीहरू प्रशस्त उत्पादन हुन्छन् । धानबाली नेपालको प्रमुख खेती हो । यसको खेती असार महिनामा गरिन्छ । नेपालमा असार पन्ध्रलाई धान दिवशका रूपमा पनि मनाइन्छ । असार कविता सुरु गर्नुभन्दा पहिले निम्न प्रश्नबारे छलफल गर्नुहोस् :

- नेपालमा कुन कुन बाली उत्पादन हुन्छन् ?
- तराईँमा फल्ने मुख्य बाली कुन हो ?
- तपाईँले असारमा धान रोप्दा के के गर्नुहुन्छ ?

झिली र मिली देखियो फाँट
    लागेछ असार ।
आऊ न छिट्टै रोपार रानी
    बाहुली पसार ॥



लाग्दछ राम्रो टल्केको खेत
    पानीले तलको ।
टपक्कै टिपी शिरमा लाउँ कि
    थुँगो म फुलको ॥

खेतमा गई सक्नु छ मेलो
नगरी बियाँलो ।
दिनुहोस् आमा ! लाउँछु नाना
म बन्छु खेतालो ।

धान है रोपौँ छुपु र छुपु
असारे गाएर ।
साँझमा फिरौँ अचार चिउरा
खेतैमा खाएर ॥



देखेर हाम्रो सिप र काम
यो धर्ती हाँस्द छ ।
रङ्गीन पार्दै असार मास
सम्झना गाँस्दछ ।

---

शिक्षण निर्देशन

पृष्ठभूमिमा दिइएका प्रश्नबारे छलफल गराउनुहोस् । असार कविता गति यति र लय हाली वाचन गर्नुहोस् । विद्यार्थीलाई पहिले सामूहिक रूपमा र पछि व्यक्तिगत रूपमा कविता वाचन गर्न लगाउनुहोस् । आवश्यकतानुसार सघाउनुहोस् ।

## अभ्यास

१. तलका शब्द र तिनको अर्थ पढ्नुहोस् :

| शब्द | अर्थ |
|---|---|
| रोपार | धान रोप्ने खेताला वा कामदार |
| बाहुली | हात |
| शिर | टाउको |
| मेला | काम |
| खेतालो | खेतबारीमा काम गर्ने श्रमिक |
| असारे | रोपाइँ गर्दा गाइने गीत |
| मास | महिना |

२. तलका शब्दहरूको शुद्ध उच्चारण गर्नुहोस् :

असार, फाँट, टल्केको, थुँगो, खेतालो, सम्झना

३. 'असार' कविता लय मिलाएर वाचन गर्नुहोस् :

४. असार कविता पढेर खाली ठाउँ भर्नुहोस् :

(क) असार .............. धान रोपिन्छ ।

(ख) ............ हरू छुपुछुपु धान रोप्दै छन् ।

(ग) किसानहरू ............ सकेर घरतर्फ लागे ।

(घ) खेतमा ............ काम गर्दै छन् ।

(ङ) रोपारहरू ............ गाउँछन् ।

५. तलका शब्दहरू शुद्ध पारेर सार्नुहोस् :

देखीयो, अषार, तल्केको, तपक्कै, खेरालो, रोप्औँ

६. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) असार लाग्दा वरिपरि कस्तो देखिन्छ ?

(ख) खेत केले राम्रो देखिन्छ ?

(ग) खेतालो को बन्छ ?

(घ) खेतालाहरू खेतमा के खन्छन् ?

(ङ) धर्ती किन हाँस्छ ?

७. तपाईंको समुदायमा धान रोप्दा वा काट्दा गाइने गीत कक्षामा सुनाउनुहोस्

८. पढ्नुहोस् र बुझ्नुहोस् :

(क) पूर्णविराम : (।)

लाक्पा घर गयो ।

(ख) प्रश्नविराम : (?)

तिम्रो नाम के हो ?

९. जोडा मिलाउनुहोस् :

| चिह्न | चिह्नका नाम |
|---|---|
| ? | उद्धरण चिह्न |
| , | पूर्ण विराम चिह्न |
| । | प्रश्नवाचक चिह्न |
| “ ” | अल्पविराम चिह्न |

१०. आफूले सुनेको वा जानेको कुनै एउटा गीत कक्षामा सुनाउनुहोस् ।

## पाठ बाह्र अल्छी मानिसको सपना

(भनिन्छ आँखा बन्द गरेर देखिएका सपना कहिल्यै पूरा हुँदैनन् । जब आँखा खोलेरै सपना देख्न थालिन्छ र ती सपनाहरुलाई पूर्ति गर्ने चेष्टा गरिन्छ तब मानिसको वर्तमान र भविष्य स्वर्णिम बन्दछ । यस कथामा एउटा अल्छी मानिसले देखेका सपना र त्यसबाट भोगेको परिणामलाई प्रस्तुत गरिएको छ ।)



एकादेशमा एउटा अल्छी मानिस थियो । ऊ निकै गरिब थियो । ऊ हरेक दिन टाढा-टाढासम्म पुगेर भिक्षा मागेर निर्वाह चलाउँथ्यो । भिक्षामा प्रायः सातु पाउँथ्यो । उब्रिएको सातु अलि अलि गर्दै जोगाउँथ्यो । उसले जागाएको सातु एउटा माटाको हाँडीमा राखेर ओछ्यानको ठीक माथितिर झुन्ड्याएको थियो ।

सातुले हाँडी भरिँदै जाँदा ऊ निकै खुसी थियो । एक दिन ओछ्यानमा पल्टिएर मनमनै सोच्न थाल्यो - "सातुले हाँडी भरिन लाग्यो । यसलाई जोगाएर राख्नुपर्‍यो । हिउँदमा अनिकाल पर्नेछ । त्यतिखेर यसलाई महँगो मूल्यमा बेच्नेछु । त्यसबाट आएको रकमले एउटा बोका र एउटा बाख्रा किन्नेछु । बाख्राबाट पाठापाठी जन्मेर खोर भरिनेछन् । तिनलाई बेचेर एउटा गाई किन्नेछु । गाईले धेरै दूध दिनेछ । दूध बेचेको पैसाले म एउटा भैँसी किन्नेछु ।

गाई र भैँसीको दूधबाट आएको रकमले एउटा घर बनाउनेछु । धेरै सुन, हिरा र मोती किन्नेछु । सम्पत्तिको मालिक भएपछि मलाई आफ्नी छोरी दिन घरअघि लामो लाम लाग्नेछ । म तीमध्ये सबै भन्दा सुन्दर कन्या छानेर बिहे गर्नेछु । बूढीबाट एउटा सुन्दर छोरो जन्मिनेछ । छोराको नाम अनमोल राख्नेछु । म पर्दाभित्र लुकेर छोराको बालक्रीडा हेर्नेछु । भर्खरै हिँड्न सिक्दै गरेको छोरो राम्ररी हिँड्न नजानेर लड्नेछ । त्यसपछि 'जाबो एउटा छोरो पनि सम्हाल्न सक्दिनस्' भनेर बूढीलाई जोडले कसेर लात हान्नेछु । उसले लात हानेको अभिनय गर्दै ओछ्यानबाट जोडले खुट्टा हावामा उठाउँदा सातु राखेको हाँडीमा लाग्यो र हाँडी चकनाचुर भई फुटेर सातुजति जम्मै उसको शिरदेखि पाउसम्म पोखियो । ऊ सातुले सेताम्मे भयो । अल्छी मानिसको सबै सपना फुटेको हाँडीसँगै चकनाचुर भयो । त्यसैले बुढापाकाहरु सपनाभन्दा कर्ममा विश्वास गर्नुपर्छ भन्छन् ।

## अभ्यास

१. तल दिइएका शब्द र तिनको अर्थ पढ्नुहोस् :

| शब्द | अर्थ |
|---|---|
| भिक्षा | मागेर पाएको खानेकुरा |
| सातु | भुटेको मकै, जौ, गहु आदिपिसेर बनाइएको धुलो |
| हाँडी | मकै, चिउरा आदि भुट्ने माटाको भाँडो |

| | |
|---|---|
| खोर | पशु बस्ने घर |
| रकम | .पैसा, धन |
| कन्या | कुमारी केटी |
| बालक्रीडा | बालबालिकाले खेलेर प्राप्त गर्ने मनोरञ्जन |
| चकनाचुर | ध्वस्त, नष्ट |
| पाउ | खुट्टा |
| सेताम्मे | पूरै सेतो |

२. तल दिइएका बोध प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् :

(क) मानिस कस्तो थियो ?

(ख) मानिसले भिक्षामा के पाउथ्यो ?

(ग) उसले पाएको भिक्षा केमा राख्थ्यो ?

(घ) मानिसले सातु बेचेर आएको रकमबाट के किन्ने विचार गऱ्यो ?

(ङ) उसले के जन्माउने कल्पना गऱ्यो ?

(च) सातु राखेको हाँडी कसरी फुट्यो ?

३. खाली ठाउँ मिलाउनुहोस् :

(क) मानिस निकै ..........................थियो ।

(ख) मानिसले भिक्षामा ......................पाउँथ्यो ।

(ग) ..........................ले हाँडी भरिन थाल्यो ।

(घ) पाठापाठी जन्मेर.......................भरिने छन् ।

(ङ) बूढीबाट सुन्दर .......................जन्मिने छ ।

(च) ऊ .......................ले सेताम्मे भयो ।

४. ठिक भए ✓ र बेठिक भए × लगाउनुहोस् :

(क) मानिस धनी थियो ।

(ख) सातुले हाँडी भरियो ।

(ग) मानिसले बिहे गर्ने सोच बनायो ।

(घ) उसबाट दुई छोरा जन्मिए ।

(ङ) हाँडी चकनाचुर भई फुट्यो ।

५. उदाहरणमा दिइए जस्तै वाक्य निर्माण गर्नुहोस् :

उदाहरण : छोरो विद्यालय गयो ।

छोरी .................................. ।

भाइहरू ............................... ।


दिदीहरू ............................... ।

पाठ तेह्र

# खेर नफालौँ

(हामीलाई धेरै कुरा चाहिन्छन् । तीमध्ये खानेकुरा पैसा, शक्ति र समय मुख्य हुन् । अब यी प्रत्येकका सम्बन्धमा केही कुरा जानौँ ।)

खानेकुरा



खानेकुरा नखाई हामी बाँच्न सक्दैनौँ । खानेकुरामा भात, दाल, तरकारी र अरू धेरै कुरा पर्छन् । खानेकुरा फलाउनका लागि धेरै मिहिनेत चाहिन्छ । संसारमा दिनदिनै मानिस थपिँदै छन् । मानिस थपिएअनुसार खानेकुरा फलाउन सकिन्न । त्यसैले कसैले टन्न खान पाउँछन्, कसैले खानै पाउँदैनन् ।


तपाईँहरूले कति भोका मान्छे पनि देख्नुभएको होला । कतिपय देशमा त खान नपाएरै मान्छे मरिरहेका हुन्छन् । त्यसैले खान सक्ने जति मात्र खानेकुरा लिनुपर्छ । जुठो हालिसकेपछि 'खान मन लागेन' भनेर खानेकुरा मिल्काउनु हुँदैन । एक एक थोपा पानी जम्मा गर्दा धेरै पानी हुन्छ । एक एक गेडा अन्न जम्मा गर्दा थुप्रै भकारी भरिन्छन् । त्यसैले हामीले एक एक गेडा गरेर अन्न जम्मा गर्‍यौँ भने त्यसले धेरै जनालाई पुग्छ । हामीले खानेकुरा कहिल्यै खेर फाल्ने गर्नु हुँदैन ।

पैसा




खानेकुरा किन्न, लुगाफाटो हाल्न र बिरामी पर्दा औषधी गर्न पैसा चाहिन्छ । त्यसैगरी अरू धेरै काम गर्नका लागि पनि पैसा नभई हुँदैन । हामीले आवश्यक परेका समयमा मात्र पैसा खर्च गर्नुपर्छ । नचाहिने काममा पैसा खेर फाल्नु हुँदैन ।

शक्ति








हामीलाई जुनसुकै काम गर्नका लागि शक्ति चाहिन्छ। शक्तिका आधुनिक स्रोतलाई हामी ऊर्जा भन्छौँ । मट्टितेल, पेट्रोल, बिजुली, सूर्यको ताप, दाउरा आदिबाट ऊर्जा निस्कन्छ। ऊर्जाबाट खाना पकाउने, बत्ती बाल्ने, मेसिनहरू चलाउने आदि काम गर्न सकिन्छ। त्यसैले यस्ता चिज खेर फाल्नु हुँदैन। हामीले यिनलाई सदुपयोग गर्नुपर्छ।

## समय



हाम्रो जीवनमा समयको पनि ठुलो महत्त्व छ। समय बितिरहन्छ। यसलाई कसैले रोकेर रोकिँदैन, छेकेर पनि छेकिँदैन। बितिसकेको समय फर्केर आउँदैन। त्यसैले समय खेर फाल्नु हुँदैन। गर्नुपर्ने काम ठिक समयमा गर्नुपर्छ।

आराम गर्ने समयमा आराम गर्नुपर्छ। हामीले कुनै न कुनै काम गरेर समयको उपयोग गर्नुपर्छ। अल्छी मानेर बसिरह्यो भने समयमा काम हुँदैन, अनि दुःख पाइन्छ। त्यसैले ठिक तरिकाले समयको प्रयोग गर्न सकेमा हामी असल मान्छे बन्न सक्छौँ।

---

शिक्षण निर्देशन

माथिको प्रबन्ध सुरु गर्नुपूर्व खानाको महत्त्वबारे छलफल गराउनुहोस्, त्यसपछि केही विद्यार्थीलाई पालेपालो सस्वरपठन गर्न लगाउनुहोस् र त्यस सम्बन्धमा छलफल गर्नुहोस्।

## अभ्यास

१. तलका शब्द र तिनको अर्थ पढ्नुहोस् :

| शब्द | अर्थ |
|---|---|
| खानेकुरा | खाने चिजबिज |
| जुठो | खाँदा बाँकी रहेको वस्तु |
| पैसा | रूपैया, धन |
| मिल्काउनु | फाल्नु |
| शक्ति | व्यक्ति, प्राणी, ऊर्जा आदिमा हुने क्षमता |
| खर्च | रुपियाँ, पैसा मास्ने काम |
| खेर | व्यर्थ वा बेकार |

२. तलका शब्द पढ्नुहोस् र कापीमा सार्नुहोस् :

बाँच्नु, प्रत्येक, टन्न, मिल्काउनु, ऊर्जा, शक्ति, पेट्रोल, मट्टितेल, अल्छी, महत्त्व

३. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) बाँच्नका लागि चाहिने मुख्य मुख्य कुरा के के हुन् ?

(ख) हामीले किन खानेकुरा खेर फाल्नु हुँदैन ?

(ग) कुन कुन काम गर्न ऊर्जा चाहिन्छ ?

(घ) हामी कसरी असल मान्छे बन्न सक्छौँ ?

४. शुद्ध पारेर कापीमा सार्नुहोस् :

खरच, सन्सार, औसधि, महत्त्व, सान्ति, सुर्ये, समए

५. एक छाकमा एक गाँस खानेकुरा छोड्दा एक वर्षमा कति गाँस खानेकुरा खेर जाला र यसले कति छाक खान पुग्ला, कक्षामा साथीसँग छलफल गर्नुहोस् ।

६. तलको भनाइबारे कक्षामा छलफल गर्नुहोस् :

समय खेर फाल्नु हुँदैन ।

७. उदाहरणमा जस्तै गरी तलको तालिकाबाट मिल्ने वाक्य बनाई कापीमा लेख्नुहोस् :

उदाहरण : भारती विद्यालय जान्छे ।

| | | |
|---|---|---|
| भारती<br>कृष्ण | विद्यालय<br>बजार | गइन् ।<br>जान्छे ।<br>गयो ।<br>जान्छ ।<br>जानेछ ।<br>जानेछिन् । |

८. उदाहरणमा दिइएभैँ तलको कोठेपदमा पेन्सिलले धर्को तानी खानेकुराका नाम बनाउनुहोस् :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| रो | पी | जु | ना | र | अ | भा | त |
| को | टी | मा | सु | स्या | जा | सु | र |
| आ | लु | बे | ते | उ | र | न्त | का |
| खी | दु | दा | ल | अ | म | ला | री |
| र | ध | क | भ | ट | मा | स | सा |
| के | मो | चि | घि | ख | छा | ग | पा |
| रा | मो | जि | उ | कु | रा | उ | नी |
| ना | स | पा | ती | रा | ग | द | ही |


९. तपाईँलाई मनपर्ने खानेकुराबारे कक्षामा सुनाउनुहोस् ।

## पाठ चौध **घाम छाया**

- माधव घिमिरे

(प्रकृतिले मान्छेलाई अनेकौँ उपहार दिएको छ । घाम र छाया प्रकृतिले दिएका सुन्दर उपहार हुन् । यिनको लुकामारी हेर्न लायक हुन्छ । माधव घिमिरेको घामछाया कवितामा घाम र छायाले दिने सुन्दरताबारे चर्चा गरिएको छ ।)

कति राम्रो छाया कति राम्रो घाम
चउरमा खेल्छन् दुवै एकै ठाम ।
खोला वारिबाट खोला पारि तर्छन्
डाँडावारि पारि लुकामारी गर्छन् ।



जसै घाम बस्छ नरमाइलो मानी
उडी आउँछे छाया शीतल पङ्ख तानी ।
जसै छाया बस्छे बिनु कोरीबाटी
अनि आउँछ घाम कालो मेघ काटी ।

घाम छाया मिली फूलमा रङ्ग भर्छन् ।
आफ्नो सिप हेरी आफैँ दङ्ग पर्छन् ।
आकाशको चेलो धरतीकी चेली
सधैँ बालापन सधैँ हाँसीखेली ।



शिक्षण निर्देशन

घाम छायाँ कविता गति, यति र लय हाली वाचन गर्नुहोस् । विद्यार्थीलाई पहिले समूहवाचन र पछि एकलवाचन गर्न लगाउनुहोस् र आवश्यकतानुसार  सघाउनुहोस् ।

## अभ्यास

१. तलका शब्द शुद्धसँग पढेर सुनाउनुहोस् :

खेल्छन्, तर्छन्, गर्छन्, पङ्ख, बस्छे, कोरीबाटी, दङ्ग, बालापन

२. माथिको कविता लय हालेर गाउनुहोस् ।

३. तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् ।

| शब्द | अर्थ |
|---|---|
| ठाम | पखेटा |
| लुकामारी | लुक्ने र भेट्टाउने खेल |
| पङ्ख | ठाउँ |
| बिनु | छात्र |
| मेघ | छात्रा |
| चेलो | विना, बाहेक |
| | बादल |

४. तल दिइए जस्तै अनुपासयुक्त अरू शब्द लेख्नुहोस् :

भर्छन्, पर्छन्, ............, .........., ..............,

मानी, तानी, ............, .........., ..............,

घाम, काम, ............, .........., ..............,

माला, गाला, ............, .........., ..............,

५. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) चउरमा के के खेल्छन् ?

(ख) घाम र छाया कहाँ लुकामारी गर्छन् ?

(ग) छाया कसरी हराउँछ ?

(घ) आकाशको चेलो र धरतीकी चेली भनेका के के हुन् ?

६. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

आफ्नो, आफ्ना, राम्रो, राम्रा, सानो, साना, मेरो, मेरा

७. तलका शब्दहरू क्रममा मिलाएर वाक्य बनाउनुहोस् :

उदाहरण : खेल्छन्  साथीहरू  चउरमा ।

- साथीहरू चउरमा खेल्छन् ।

(क) घाम  छाया  र  खेल्छन्  लुकामारी ।

(ख) गीता जान्छे सधैँ धारामा ।

(ग) तपाईं गाउनुहुन्छ सधैँ गीत ।

(घ) तँ रुन्छस् किन ?

(ङ) देखाऊ लेखिसकेपछि मलाई ।

८. उदाहरणमा दिइए जस्तै गरी वाक्य बनाउनुहोस् :

उदाहरण : न घाम लाग्यो, न पानी पर्‍यो ।

- घाम पनि लागेन, पानी पनि परेन ।

(क) न तिमी आयौ, न मोहम्मद आयो ।

(ख) न भोक लाग्यो, न तिर्खा लाग्यो ।

(ग) न पेम्बा फर्क्यो, न सोनवा आई ।

९. तपाईंले जानेको कुनै कविता कक्षामा सुनाउनुहोस् ।

## पाठ पन्ध्र वीरमानका दिन फर्किए

(पाठ सुरु गर्नुभन्दा पहिले तलका प्रश्नहरूबारे छलफल गर्नुहोस् :

(क) वनजङ्गलबाट हामीलाई के के फाइदा हुन्छ ?

(ख) वनजङ्गल नोक्सान हुँदा हामीलाई केकस्तो हानी पुग्छ ?)

कुनै गाउँमा एउटा किसान थियो । उसको नाम वीरमान थियो । वीरमानको आफ्नै वन थियो । वनबाट वीरमानलाई धेरै कुरा फाइदा भएको थियो । आफ्नै वनको घाँसपात खुवाएर उसले गाई, भैँसी र बाख्रा पालेको थियो । घरमा दुध, दहीको खाँचो थिएन । दुध, घिउ र खसीबोका बेचेर उसले राम्रै आम्दानी गरेको थियो ।





गाईवस्तुको मलले खेतबारीमा उत्पादन राम्रै हुन्थ्यो । वीरमानलाई काठदाउराको खाँचो थिएन । वीरमानको घर वरिपरिको वातावरण पनि स्वच्छ र रमाइलो नै थियो । यस किसिमले वीरमानको घरमा कुनै कुराको अभाव थिएन । एकदिन कृष्णबहादुरले वीरमानलाई वनका रुख बेच्न उक्सायो । वीरमानले कृष्णबहादुरको कुरो मान्यो । उसले वनका रुख काटेर बेच्न थाल्यो । केही दिनमै वीरमानको हरियो वन नाङ्गो भयो ।



वर्षा याममा पानी पऱ्यो र वीरमानको छेउछेउमा ठुलो पहिरो गयो । पहिरोले वस्तुभाउसहितको गोठ र खेतबारी समेत बगायो । वीरमानको घर पनि पहिरोमा पर्ला जस्तो भयो ।

वीरमानलाई दुःखैदुःखले सतायो । दुःखमा वीरमान धेरै दिन पिरोलियो ।

धेरै दिनको दुःखपछि वीरमानलाई आफूले गरेको गल्ती थाहा भयो । वन फँडानीका कारण आफूलाई यस्तो विपत्ति आएको उसले महसुस गऱ्यो । उसले पहिरो गएको ठाउँमा फेरि बिरुवा रोप्न सुरु  गऱ्यो । वीरमानले बिरुवामा पानी र मल हाल्यो । बिरुवा पनि हुर्कँदै गए ।



पाखो जमिन हरियो देखिन थाल्यो । भूक्षय रोकिँदै गयो । पहिराको डर भएन । घाँस पलाउन थालेपछि वीरमानले फेरि बाख्रा पाठा पाल्न थाल्यो । बाख्रा पाठाबाट भएको आम्दानीले गाई किनेर पाल्यो । त्यसपछि भैँसी किन्यो । वीरमानको गोठ फेरि भरियो । बाली पहिले जस्तै लहलह हुन थाल्यो । नौ दस वर्षमै वीरमानका दिन फेरि फर्किए ।



शिक्षण निर्देशन

कथा सुरु गर्नुभन्दा पहिले वनजङ्गलका फाइदाबारे छलफल गराउनुहोस् । कथाको सारांश कक्षामा सुनाएर पालैपालो सस्वरवाचन गराउनुहोस् ।

## अभ्यास

१. शब्द र अर्थको जोडा धर्को तानेर मिलाउनुहोस् ।

| शब्द | अर्थ |
|---|---|
| घाँसपात | खाँचो/कमी |
| अभाव | घाँस, स्याउला आदि |

| | |
|---|---|
| विनाश | दुःख |
| आपत् | नाश, क्षति |
| महसुस | बढाउनु |
| हुर्काउनु | माटो बग्ने क्रिया |
| भूक्षय | अनुभव |

२. तलका शब्द शुद्धसँग पढेर सुनाउनुहोस् :

कृषि, कृष्ण, उत्पादन, उक्सायो, खाँचो, फँडानी, चराचुरुङ्गी

३. दिइएका शब्दहरूको फरक ठम्याउनुहोस् :

तीन - टिन

पाटो - पातो

थोक - ठोक

धोका - ढोका

तोक्नु - टोक्नु

४. तलका शब्द राखेर वाक्य बनाउनुहोस् :

उत्पादन, कृषि, आम्दानी, उक्साउनु, फाँड्नु

५. समूहमा नमिल्ने शब्दमा घेरा लगाउनुहोस् :

(क) दुध, दही, घिउ, पानी

(ख) खसी,  गाई, बाखो, बोको

(ग) जरा, माटो, पात, हाँगा

६. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) वीरमानले के के पालेको थियो ?

(ख) वीरमानको घर वरिपरिको वातावरण किन रमाइलो थियो ?

(ग) वीरमानले किन रुख काटेर बेच्यो ?

(घ) वीरमानले किन दुःख पायो ?

(ङ) वीरमान कसरी पहिले जस्तै फेरि सुखी भयो ?

७. पाठका आधारमा तलका घटनालाई क्रम मिलाएर सार्नुहोस् :

(क) वीरमानको हरियो वन नाङ्गो भयो ।

(ख) वस्तुभाउसहितको गोठ र खेतबारीसमेत बगायो ।

(ग) वीरमानको घरमा कुनै कुराको अभाव थिएन ।

(घ) धेरै दिनको दुःखपछि वीरमानलाई आफूले गरेको गल्ती थाहा भयो ।

८. ठिक चिह्न ( । , ?) प्रयोग गरी तलका वाक्य सार्नुहोस् :

(क) मेरो घरमा बा, आमा, दाजु र दिदी छन्

(ख) म तीन कक्षामा पढ्छु

(ग) तिम्रो घरमा को को छन्

(घ) तिमी कति कक्षामा पढ्छौ

९. आफ्ना गाउँका बारेमा धनमायाले लेखेका कुरा पढ्नुहोस् र तपाईँ पनि आफ्ना गाउँका बारेमा लेख्नुहोस् ।

मेरो नाम धनमाया राई हो । मेरो घर पाँचधारेमा छ । पाँचधारे भोजपुर जिल्लामा पर्छ । यहाँ एकै ठाउँमा पाँच ओटा धारा छन् । यहाँ एउटा माध्यमिक विद्यालय छ । यहाँ एउटा हुलाक पनि छ । यहाँ एकादशीका दिन ठुलो हाट लाग्छ ।

१०. तपाईंले घरमा के के जनावर पाल्नुभएको छ ? तीबाट हुने फाइदा बताउनुहोस् ।

पाठ सोह्र

# शिक्षक बन्ने रहर

(सबैका आआफ्ना उद्देश्य हुन्छन् । कोही पढेर समाजसेवा गर्न मन पराउँछन् भने कोही राजनीति गर्न मन पराउँछन् । त्यसैगरी कसै को उद्देश्य शिक्षक बन्ने हुन्छ भने कसैको डाक्टर बन्ने हुन्छ । तलको चिठीमा आफ्नो उद्देश्यलाई चिठीमार्फत दाजुलाई सुनाइएको छ ।)

कक्षामा आआफ्नो उद्देश्य भन्न लगाईं चिठी लेखनको अभ्यास गराउनुहोस् ।

सन्धिखर्क, अर्घाखाँची

२२ माघ, २०७५

आदरणीय दाजु

नमस्कार !

म यहाँ सन्चै छु । तपाईं पनि त्यहाँ सन्चै हुनुहुन्छ भन्ने आशमा छु । अहिले म अनौपचारिक प्रौढ विद्यालयमा दोस्रो तहमा पढ्छु । अब त म पनि चिठी लेख्न सक्ने भएँ । यो चिठी म आफैँले लेखेकी हुँ । यसमा केही भुलचुक भएको पनि हुन सक्छ । त्यसका लागि क्षमा दिनुहोला ।

दाजु, अहिले हाम्रो गाउँमा अनौपचारिक प्रौढ कक्षाहरू सञ्चालन भएका छन् । म त्यही कक्षामा पढेर चिठी लेख्न सक्ने भएकी छुँ । यहाँ लेखपढको राम्रो व्यवस्था छ । यहाँ सधैँजसो कक्षा सञ्चालन हुन्छ । दिवा विद्यालयमा पढाइ हुने सबै विषय हामीले पढ्न पाएका छौँ । अब अर्को एक वर्ष पढेपछि मेरो प्राथमिक तहसम्मको शिक्षा पूरा

हुन्छ । हामीलाई यसबाट निकै मदत मिलेको छ ।

मैले आफ्नो पढाइ लेखाइका बारेमा दाजुलाई केही कुरा लेख्न पाउँदा ज्यादै खुसी महसुस गरेकी छु । लेखपढमा मेरो रुचि निकै बढेको छ । अब त मलाई विद्यालयमा गएर नियमित रूपमा पढ्न मन लागेको छ । मलाई धेरै पढेर विद्यालयको शिक्षक बन्ने धोको छ । यसमा मलाई हजुरको सल्लाह, सहयोग र हौसला आवश्यक छ । यस वर्षको विजयादशमीले दाजु बहिनीबिच हृदय खोलेर कुरा गर्ने मौका दिने छ भन्ने विश्वास लिएकी छु । अहिलेलाई यति नै । पत्रबाट बिदा लिन चाहन्छु । अरू धेरै कुरा के लेखौँ, मभन्दा दाजु आफैँ जानकार हुनुहुन्छ । हओस् त दाजु, नमस्कार ।

प्यारी बहिनी

कोपिला गन्धर्व

| पठाउने | पाउने |
|---|---|
| कोपिला गन्धर्व | कमल गन्धर्व |
| सन्धिखर्क-९, अर्घा, | विश्वविद्यालय क्याम्पस |
| अर्घाखाँची | त्रि.वि., कीर्तिपुर, काठमाडौँ |

---

शिक्षण निर्देशन

चिठीको महत्त्वबारे छलफल गर्नुहोस् । चिठी रचनामा ध्यान दिनुपर्ने कुराहरू बताउनुहोस् । शिक्षक बन्ने रहर नामक चिठी पढेर सुनाउनुहोस् । केही विद्यार्थीहरूलाई उक्त चिठी सस्वरवाचन गरी कक्षामा सुनाउन लगाउनुहोस् ।

## अभ्यास

१. तलका शब्द र तिनको अर्थ पढ्नुहोस् :

| शब्द | अर्थ |
|---|---|
| आदरणीय | आदर गर्न योग्य |
| क्षमा | माफी |
| भुलचुक हुनु | तलमाथि पर्नु, गल्ती हुनु |
| अतः | यसैले |
| भिन्नता | फरक |
| व्यवस्था | प्रबन्ध |
| धोको | रहर |
| जानकार | जान्ने |

२. चिठीका प्रत्येक अनुच्छेद पालैपालो पढ्नुहोस् ।

३. तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) चिठी कसले कसलाई लेखेको रहेछ ?

(ख) चिठी कहाँबाट कुन मितिमा लेखिएको रहेछ ?

(ग) चिठी लेख्ने र पाउनेको नाम के के हो ?

(घ) चिठीमा विशेष गरेर के कुराको उल्लेख छ ?

(ङ) अन्तिममा के लेखेर चिठीलाई टुङ्ग्याइएको छ ?

४. तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) कोपिला हिजोआज के गर्दै छिन् ?

(ख) कोपिलाले दाजुबाट के आशा गरेकी छन् ?

(ग) कोपिला कतिसम्म पढ्न र के बन्न चाहन्छिन् ?

(घ) कोपिला सधैँ आफ्नो साथमा किताब राखिरहेकी हुन्छिन्, किन ?

(ङ) कोपिला पढेर के बन्न चाहन्छिन् ?

५. शुद्धसँग उच्चारण गर्नुहोस् :

हृदय, कक्षा, अध्ययन, शिक्षा, विश्वास

६. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

सन्चै, चिठी, अक्षर, विद्यालय, बिदा

७. मिल्दो अर्थ छानी धर्को तानेर जोडा मिलाउनुहोस् :

| (क) | (ख) |
|---|---|
| नमस्ते | दसैँ |
| सहयोग | नजान्ने |
| विजयादशमी | नमस्कार |
| चिठी | मदत |
| अञ्जान | पत्र |

८. उदाहरणमा दिइएजस्तै शब्द परिवर्तन गर्नुहोस् :

उदाहरण : बुबा-आमा

बुबा, श्रीमिती, बाजे, छोरो, सासू

९. कोष्ठक भित्रबाट सुहाउँदो शब्द छानेर खाली ठाउँ भर्नुहोस् :

(क) सीता लुगा .................. । (सिउँछे, सिउँछन्)

(ख) दिदी घर .................. । (गयो, गए, गइन्)

(ग) कमिलाले .................. । (चिल्छे, चिल्छिन्, चिल्यो)

(घ) भानिज पाठ .................. । (पढ्छिन्, पढ्छे, पढ्छन्)

(ङ) गाईले दुध .................. । (दियो, दिई, दिइन्)

१०. तलका वाक्य सच्याएर कापीमा सार्नुहोस् :

(क) मेरी साथी आउँछ ।

(ख) मेरा मितिनीको भाइले मलाई कलम दिई ।

(ग) उनी मेरी साथी हो ।

(घ) छोरो जाँच दिन्छे ।

(ङ) आमा मावलबाट आयो ।

११. तलको तालिकाबाट पाँच ओटा वाक्य बनाएर कापीमा सार्नुहोस् :

| | | |
|---|---|---|
| तिमी | | लेख्छौं । |
| भाइ | | लेख्छ । |
| बहिनी | चिठी | लेख्छे । |
| काका | | लेख्छन् । |
| उनी | | लेख्छिन् । |

१२. तपाईंले धेरै पढेर के बन्ने विचार गर्नुभएको छ, सो कुरा खुलाई मिल्ने साथीलाई एउटा चिठी लेख्नुहोस् ।


१३. साथीसँग मिलेर एउटा खामको नमुना बनाई सबैलाई देखाउनुहोस् ।

पाठ सत्र

# बाफसँग पानी

- छायादत्त न्यौपाने

(हाम्रो जीवनमा पानीको निकै महत्त्व छ । हातमुख धुन, खाना पकाउन, खेतबारीमा राख्न, ऊर्जा निकाल्न पानीको आवश्यकता पर्छ । त्यसैले पानी नै जीवन हो भन्ने गरिन्छ । बाफसँग पानी कवितामा पानीको आवश्यकता र स्वरूपबारे प्रकाश पारिएको छ ।)




हिउँदेखि सललल तलतल पानी
चिसोचिसो पानीको बगिरहने बानी
मुहान र पँधेरा कुवाभरि पानी
कलकल झरनामा छलछल पानी



रारा, रूपा, फेवा सबै तालभरि पानी
खोला नदी समुद्रमा छ्याल व्याल पानी
ग्यास अनि बरफमा बाफसँग पानी
बादलसित डुल्दा डुल्दै झरिदिने पानी

खेतबारी पखेरालाई भिजाइ दिने पानी
माछा अनि कछुवालाई बास दिने पानी
मानिसलाई झलमल दियो बाल्न पानी
खानेकुरा पकाउन, पिउन चिसो पानी

मुख लुगा धोइवरि सफा हुन पानी
यता हेर्दा यतै पानी उता उतै पानी
जस्तो भाँडो उस्तै रङ कस्तो छ है पानी
जन्मेदेखि बाँचेसम्म नभई हुन्न पानी ।



शिक्षण निर्देशन

पानीको महत्त्वबारे छलफल गर्नुहोस् । बाफसँग पानी कविता गति, यति र लय हाली पढ्नुहोस् । पहिले सामूहिक रूपमा र पछि व्यक्तिगत रूपमा विद्यार्थीलाई पनि गति, यति, लय हाली वाचन गर्न लगाउनुहोस् ।

## अभ्यास

१. तलका शब्द र तिनको अर्थ पढ्नुहोस् :

| शब्द | अर्थ |
|---|---|
| हिउँ | लेक वा हिमाली भेगका टाकुरामा पानी जमेर बनेको सेतो पदार्थ |
| मुहान | नदी, खोला आदि निस्कने ठाउँ |
| कुवा | पानी, उबाउन मिल्ने सानो जलकुण्ड |
| पँधेरो | पानीको कुवा वा धारो भएको ठाउँ |
| ताल | ठुलो पोखरी |
| पखेरो | पहाडको भिरालो परेको जमिन |
| छ्यालब्याल | छताछुल्ल |

२. तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) हिउँ पग्लेर के बन्छ ?

(ख) बादलमा पानी कहाँबाट पुग्छ ?

(ग) पानीका स्रोत के के हुन् ?

(घ) पानीको रङ कस्तो हुन्छ ?

(ङ) हामीलाई पानी किन चाहिन्छ ?

३. तलका वाक्यहरूमा उपयुक्त चिह्न भर्नुहोस् :

(क) हाम्रो जीवनमा पानीको महत्त्व छ

(ख) बिजुली उत्पादन गर्न के चाहिन्छ

(ग) रारा ताल रूपा ताल फेवा तालमा छ्यालब्याल पानी पाइन्छ

(घ) भाइले भन्यो पानीको रङ हुँदैन ।

४. मिल्दो शब्द छानी जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| झलमल | पानी |
| कलकल | ताल |
| रारा, रूपा | दियो |

५. बाफसँग पानी कविता गति, यति र लय मिलाई वाचन गरी सुनाउनुहोस् :

६. तलका पङ्क्तिको भाव प्रस्ट पार्नुहोस् :

(क) हिउँदेखि सललल तलतल पानी

(ख) बादलसित डुल्दाडुल्दै झरिदिने पानी

७. खाली ठाउँ भरी कविताको श्लोक पूरा गर्नुहोस् :

...... पखेरालाई भिजाइदिने पानी

माछा अनि ......... बास दिने पानी

मानिसलाई झलमल ...... बाल्न पानी

......... पकाउन पिउन चिसो पानी

पाठ अठार

# शिक्षाको महत्त्व

(शिक्षा मानिसको तेस्रो आँखा हो । यसले मानिसलाई पूर्ण बनाउँदछ । जीवनयापन सरल बनाउन शिक्षाको आवश्यकता पर्दछ । नयाँ नयाँ ज्ञान आर्जन गर्न, साथीहरूसँग तर्कवितर्क गर्न पनि शिक्षाकै खाँचो पर्दछ । यस संवादमा शिक्षाको महत्त्वबारे मनोज र मालतीले गरेको कुराकानी प्रस्तुत गरिएको छ । तपाईं पनि शिक्षाको महत्त्वबारे सोचविचार गर्नुहोस् ।)



(मनोज अनौपचारिक प्रौढ विद्यालयका सहजकर्ता शिक्षक हुन् । उनले मालतीलाई शिक्षाको महत्त्व बुझाउने प्रयास गरेका छन् ।)

मनोज : नमस्ते, मालती भाउजू ।

मालती : सहजकर्ता बाबुलाई मेरो पनि नमस्कार ।

मनोज : साना केटाकेटी निकै छन् जस्तो छ नि, भाउजूका त ?

मालती : छन्, मनोज बाबु । चार ओटी छोरी, दुई ओटा छोरा छन् । जम्मा आठ जनाको जहान छ ।

मनोज : ठुली छोरी रमिता कति वर्षकी भई नि, भाउजू ?

मालती : अस्तिको मङ्सिरदेखि ११ वर्ष लागी ।

मनोज : उसलाई बिहान बिहान हाम्रो अनौपचारिक शिक्षाको कक्षामा पढ्न पठाउनुहोस् न ।

मालती : यसलाई पढ्न पठाए त हाम्रो हातै भाँचिन्छ । बिहान घरको काम गर्छे । दिउँसो अरूको मेलोमा काम गर्छे । बिस पच्चिस रुपियाँ कमाउँछे । उसलाई कसरी पढ्न पठाउन सक्छु र ?



मनोज : आफूलाई सजिलो भएको छ भन्दैमा आफ्ना सन्तानलाई निरक्षर बनाएर राख्नु पनि त भएन नि भाउजू । आफ्नो हितका लागि बालबालिकाको शोषण गर्न कतिसम्म सुहाउँछ ? तपाइँ आफैँ सोच्नुहोस् त ।

मालती : हामीले छोरी रमितामाथि त्यस्तो के शोषण गऱ्यौँ र मनोज बाबु ?

मनोज : किन गर्नु भएन ? तपाइँहरूले रमितामाथि ठुलो अन्याय गर्नु भएको छ । उसको अधिकारको हनन गर्नुभएको छ ।

मालती : हामीले रमिताको के अधिकार हनन गऱ्यौँ र ?

मनोज : उसको पढ्ने लेख्ने अधिकारको हनन गर्नुभयो । सानैदेखि ज्यालामा काम गर्ने श्रमिक तुल्याउनुभयो ।

मालती : छोराछोरीलाई काममा नलगाएर के गर्नु त, खान लाउन उनीहरूलाई नै चाहिन्छ ।

मनोज : यो उनीहरूको बढ्ने उमेर हो । उनीहरूले रमाइलो वातावरणमा हुर्किने मौका पाउनुपर्छ । यसरी सानैदेखि उनीहरूको क्षमताले धान्न नसक्ने काम लगाउनुभयो भने त बालबालिकाहरू



टाक्सिन्छन् । यसैले बेलैमा विचार पुऱ्याउनुपर्छ । आफ्ना छोराछोरीको भविष्य आफैँले बिगार्नु हुन्न ।

मालती : मनोज बाबुको भनाइ जसरी भए पनि आफ्ना बालबालिकालाई पढाउनुपर्छ भन्ने रहृयो होइन त ?

मनोज : हो, भाउजू । अब भने अलिकति कुरा बुझ्नु भए जस्तो लाग्यो । बालबालिकाले पढ्ने लेख्ने मौका पाए भने उनीहरू आफ्नो अधिकार र कर्तव्यलाई बुझ्छन् । लेखपढ गर्नाले बालबालिकामा स्वावलम्बन, इमानदारीपन र श्रमशील जस्ता गुणहरूको विकास हुन्छ । यसबाट बालबालिकाको पनि हित हुन्छ । देशका लागि सचेत नागरिक पनि तयार हुन्छन् ।

मालती : बालबालिकालाई पढाउनाले त दुबै हातमा लड्डु भने जस्तै आफू र देश दुवैको पो हित हुने रहेछ । होइन त मनोज बाबु ?

मनोज : हो, तपाईंले ठिक बुझ्नुभयो । बालबालिकाहरूले लेखपढ गर्न जानेमा आफ्नो जिम्मेवारी आफैं लिन सक्ने हुन्छन् । हामीले बालबालिकाहरूलाई लेखपढ गर्ने अवसर दियौं भने उनीहरू असल र जिम्मेवार नागरिक बन्छन् ।

मालती : थाहा नपाएपछि के लाग्दो रहेछ र । अब त मेरो घैंटामा पूरै घाम लाग्यो । म रमिता छोरीलाई भोलिदेखि नै अनौपचारिक शिक्षाको कक्षामा पढ्न पठाउँछु ।

शिक्षण निर्देशन

शिक्षाको महत्त्वबारे विद्यार्थीहरूलाई सोध्नुहोस् । मनोजको भूमिका पुरुष विद्यार्थीलाई र मालतीको भूमिका कुनै महिला विद्यार्थीलाई निर्वाह गर्न लगाई संवाद प्रस्तुत गर्नुहोस् । मनोज र मालतीको भूमिकामा अन्य विद्यार्थीलाई पनि संवाद गराउनुहोस् ।

---

## अभ्यास

१. तलका शब्द र तिनको अर्थ पढ्नुहोस् :

| शब्द | अर्थ |
|---|---|
| निरक्षर | पढलेख गर्न नजान्ने |
| शोषण | थिचोमिचो |
| टाक्सिनु | नफस्टाउनु, फस्टाउन नसक्नु |
| स्वावलम्बन | आत्मनिर्भर |
| इमान्दारीपन | इमानदार हुनुको भाव, इमानदारमा पाइने स्वभाव |
| श्रमशील | श्रम गर्ने स्वभाव |

२. विद्यार्थीलाई मनोज र मालतीको अभिनय गरेर कक्षामा संवाद प्रस्तुत गर्न लगाउनुहोस् ।

३. तलका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) मालतीका बाल्यकालका दिनहरू कसरी बित्ने गरेका छन् ?

(ख) बालबालिकाप्रति कस्तो व्यवहार गरिनुपर्छ ?

(ग) पढलेख गर्नाले बालबालिकालाई हुने फाइदाहरू के के हुन् ?

४. तलका भनाइको भाव प्रस्ट पार्नुहोस् :

(क) अधिकारको हनन गर्नुभन्दा अर्को अन्याय के हुन सक्छ ?

(ख) लेखलेख गर्नाले बालबालिकामा स्वालम्बन, इमानदारीपन र श्रमशील जस्ता गुणहरू विकसित हुन्छन् ।

५. शब्द र अर्थको जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| घरायसी | अर्को कुनै सहाय नभएका |
| स्याहार्नु | आउने |
| आउँदो | समय |
| जमाना | घर सम्बन्धी |
| असहाय | हेरविचार गर्नु |

६. सच्याएर कापीमा सार्नुहोस् :

आफु, नागरीक, हामरो, सोषन, निरछर

७. तलका शब्दलाई उदाहरणमा दिइए जस्तै वाक्यमा प्रयोग गर्नुहोस् :

उदाहरण

र = तपाईँ आउनुभयो र ?

पो, नै, ल, त, हँ, नि

८. 'छोरा र छोरी दुबै बराबरी हुन्' भन्ने विषयमा आमा छोरीबिच भएको संवाद लेखेर सुनाउनुहोस् ।

पाठ उन्नाइस

# पुतली

- शान्ति रिसाल

(नेपालमा विभिन्न जातका पुतली पाइन्छन् । पुतली विभिन्न रङका हुन्छन् । पुतलीका पखेटा आकर्षक हुन्छन् । पुतली फूलको रस खान फूलबारीमा डुल्ने गर्छन् । पुतली कवितामा पुतलीको स्वरूप र यसका आनीबानीबारे चर्चा  गरिएको छ ।)

फूलबारीमा देखेँ मैले पुतलीका हुल
कहिले यता कहिले उता डुल्छन् फूलैफूल ।



नौरङ्गी पुतलीका अनेकौँ छन् जात
सधैँभरि हाँस्छन् ती मिली एकै साथ ।
इन्द्रेणीको रङ लिई आफैँ सजाउँछन्
सधैंभरि मुस्कुराउन हाम्लाई सिकाउँछन् ।

सानी चरी उसलाई हेरी कति मक्ख पर्छे
चिर्रचुर्र गरीकन मिठो भाका फेर्छे ।
सानो भाइ दङ्ग पर्छ फूलबारीमा रमाई
सानी बहिनी खुसी भई नाच्ने कम्मर मर्काई ।

शिक्षण निर्देशन

पुतलीका विभिन्न रूपबारे कक्षामा छलफल गर्नुहोस् । पुतली कविता गति, यति, लय हाली पढ्नुहोस् । विद्यार्थीलाई सामूहिक र व्यक्तिगत रूपमा कविता वाचन गर्न लगाउनुहोस् । आवश्यकतानुसार सघाउनुहोस् ।

---

## अभ्यास

१. तलका शब्द र अर्थ पढ्नुहोस् :

| शब्द | अर्थ |
| --- | --- |
| नौरङ्गी | नौ वा सोभन्दा बढी रङ भएको |
| इन्द्रेणी | घामपानी पर्दा आकाशमा देखिने इन्द्रधनु |
| भाका | लय |
| दङ्ग | फुरुङ्ग |
| कम्मर | नाइटो वरिपरि पेटी वा पटुका कसिने ठाउँ |

२. पुतली कविताको पहिलो श्लोक कापीमा सार्नुहोस् ।

३. तलका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् :

(क) पुतलीहरू कहाँ भेटिन्छन् ?

(ख) पुतली कति रङका हुन्छन् ?

(ग) पुतलीले हामीलाई के सिकाउँछन् ?

(घ) सानी चरी के पर्छे ?

(ङ) सानी चरी कसरी भाका फेर्छे ?

(च) सानो भाइ कहाँ रमाउँछ ?

(छ) सानी बहिनी कसरी नाच्छे ?

४. तलका शब्दहरू शिक्षकबाट सुन्नुहोस् र तपाईं पनि भन्नुहोस् :

| | | |
|---|---|---|
| हुल - फूल | पर्छे - फेर्छे | सजाउँछन्- सिकाउँछन् |
| जात - साथ | रमाई- मर्काई | सानी- नानी |

५. खाली ठाउँ भर्नुहोस् :

(क) आमा घर .................. । (जान्छे, जानुहुन्छ)

(ख) भाइ स्कुल .................. । (गयो, गई)

(ग) गुरु घरमा ..................। (आयो, आउनुभयो )

(घ) म बजार .................. । (गयौँ, गएँ)

(ङ) हामी सहर .................. । (पुगे, पुग्यौँ)

६. उदाहरणमा दिइए जस्तै तलका शब्दबाट नयाँ शब्द बनाउनुहोस् :

उदाहरण : बस्छ : बस्यो, बस्नेछ ।

खान्छ : ....................., ............................ ।

डुल्छ : ......................, ............................ ।

लेख्छ : ......................, ............................ ।


भन्छ : ......................, ............................ ।

गर्छ : ......................, ............................ ।

पढ्छ : ......................, ............................ ।

७. 'फूलबारी' शीर्षकमा एउटा श्लोक रचना गरी कक्षामा सुनाउनुहोस् ।

८. तलको चित्र वर्णन गर्नुहोस् :



पाठ बीस

# अन्नपूर्ण यात्रा

(कुनै घटनामा चोटपटक लागेर धेरै रगत बग्दा वा शरीरमा रगतको कमी हुँदा रगत आवश्यक पर्छ । त्यस्तो रगत हामीले अरू सहयोगी मानिसहरूबाट पाउन सक्छौँ तर सबैको रगत सबैलाई काम लाग्दैन । रगतको समूह मिल्नुपर्ने हुन्छ। रक्तदान गर्ने बानीले हामी सबैको जीवन बचाउन सघाउ पुग्छ । अन्नपूर्ण यात्रा कथामा रक्तदानको महत्त्वबारे दर्साइएको छ ।)

फागुनको महिना थियो । प्रशंसा, पवन, साम्देन र लाक्पाले अन्नपूर्ण जाने योजना बनाए। उनीहरू पोखराबाट अन्नपूर्णतर्फ लागे। जङ्गलमा



सेता, राता, पहेँला र गुलाबी  रङका थुप्रै गुराँसहरू फुलेका रहेछन् । गुराँसका पुष्पगुच्छा हातमा लिएर उनीहरूले फोटो खिचाए । त्यहाँका भिरपाखा फुलैफूलले रङ्गिएका थिए । त्यहाँको वातावरण रमणीय थियो । उनीहरू  रमाउँदै अन्नपूर्ण पुगे ।



अन्नपूर्ण पुग्ने बित्तिकै साम्देनलाई फोन आयो । उसकी आमालाई बिरामी भएर पोखरा अस्पताल ल्याइएको रहेछ । त्यसपछि सबै रमाइलो फिका भयो । उनीहरू हतार हतार जिप चढेर पोखरा फर्किए । आमालाई रक्तअल्पता भएको रहेछ । तुरुन्तै रगत चाहिने कुरा डाक्टरले गरे ।

प्रशंसाको रगतको समूह आमाको रगतसँग मिल्ने रहेछ । उनले तुरुन्तै रक्तदान गरिन् । आमा तन्दुरुस्त हुनुभयो । सबै आमासँग लुटपुटिए ।

शिक्षण निर्देशन

रक्तदानबारे छलफल गराउनुहोस् । अन्नपूर्ण यात्रा कथा सस्वरवाचन गर्दै विद्यार्थीलाई पनि वाचन गर्न लगाउनुहोस् । आवश्यकतानुसार शुद्धोच्चारण र शब्दार्थमा समेत सघाउनुहोस् ।

---

## अभ्यास

१. तलका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| तुरुन्तै | रगत दिने काम |
| रक्तदान | शीतल |
| तन्दुरुस्त | तत्काल |
| फिका | खल्लो |
| रक्तअल्पता | रगतको कमी भएको अवस्था |
| | स्वस्थ |

२. शुद्ध गरी सार्नुहोस् :

अन्नपुर्ण, गूरास, अश्पताल, रक्तधान

३. कथा पढेर ठिक बेठिक छुट्याउनुहोस् :

(क) वनमा धेरै रङका फूलहरू फुलेका थिएनन् ।

(ख) साम्देनकी आमालाई रक्तअल्पता भएको रहेछ ।

(ग) पवनले रक्तदान गरे ।

(घ) बुवा स्वस्थ हुनुभयो ।

४. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) जङ्गलमा कस्ता फूल फुलेका थिए ?

(ख) अन्नपूर्ण जाने योजना ककसले बनाए ?

(ग) साम्देनकी आमालाई कुन अस्पताल ल्याइएको रहेछ ?

(घ) आमा कसरी तन्दुरुस्त हुनुभयो ?

५. खाली ठाउँ भर्नुहोस् :

(क) ............ घुम्न अन्नपूर्ण गए ।

(ख) आमालाई ............ भएको रहेछ ।

(ग) ............ ले रक्तदान गरिन् ।

(घ) सबै ............ लुटपुटिए ।

६. रमाइलो ठाउँ घुम्न जाँदाको वर्णन गरी एक अनुच्छेद लेख्नुहोस् ।

७. तलको कथा पढ्नुहोस् :

## कुलतको परिणाम

एकादेशमा एउटा गोठालो थियो । उसको गोठ काठको

थियो । सुकाठ नपाइने हुँदा गोठमा कुकाठ प्रयोग गरिएको थियो । गोठालो असल थिएन । ऊ कुकाम मात्र गर्दथ्यो । ऊ कुलतमा लागेको थियो । चुरोट खाने र रक्सी खाने उसको कुलत थियो । एक दिन गोठालो टन्न रक्सी खाएर गोठमा आयो । उसले चुरोट खायो । उसले चुरोटको ठुटो परालमा फाल्यो । पराल बल्यो र कुकाठले बनेको गोठ जल्यो । अरू गोठालाले कुकाम गरेकाले उसले दुःख पाएको बताए । कुलतको फल नराम्रो हुने कुरा सबैले थाहा पाए । “धन्न हामीले कुकाठले गोठ बनाएनछौँ” अरू गोठालोले भने । आफ्नो गोठ जलेको देखेर ऊ दुःखी भयो । त्यस दिनदेखि उसले आफ्नो कुलत र कुकाम छाड्ने निर्णय गऱ्यो ।

६. माथिको ‘कुलतको परिणाम’ कथाका आधारमा तलका प्रश्नको उत्तर लेख :

(क) गोठमा कस्तो काठ प्रयोग भएको थियो ?

(ख) गोठालाका कुन कुन कुलत थिए ?

(ग) गोठालोले किन दुःख पायो ?

(घ) गोठालो कसरी परिवर्तन भयो ?

(ङ) तिमीलाई गोठालो कस्तो लाग्यो ?

पाठ एककाइस

# वचत गरौँ

(हाम्रा गाउँपालिका र नगरपालिकाहरूमा अनेकौँ बैङ्क तथा वित्तीय संस्थाहरू खुलेका छन् । कमाएको रकम जम्मा गर्न र आवश्यक पर्दा निकाल्न यस्ता संस्थामा मानिसहरूको आवतजावत हुन्छ। बैङ्कमा पैसा वचत गर्नाले समस्या पर्दा काम लिन सकिन्छ। यस प्रबन्धमा बचतको महत्त्वबारे जानकारी गराइएको छ। )

बचत गर्नु असल बानी हो । यसले हामीलाई जीवनमा सफल बनाउँछ। त्यसैले हामीहरूले रुपियाँ पैसा सावधानीपूर्वक खर्च गर्नुपर्छ।

धनी मानिसहरूसँग धेरै धनसम्पत्ति हुन्छ, तर यस्ता मानिसहरूको सङ्ख्या थोरै छ। धेरैजसो मानिस गरिब छन् । उनीहरू रुपियाँ पैसा बचत गर्न



सक्दैनन् । उनीहरूलाई छाक टार्न पनि धौधौ पर्छ ।

पैसा खर्च  गर्दा बडो होस् पुऱ्याउनुपर्छ । आफूले कमाए जति सबै खर्च गरेमा भविष्यमा दुःख हुन सक्छ । आफू अशक्त, बिरामी र कमाउन नसक्ने भएको अवस्थामा बचत गरेका रकमहरू काम आउँछन् ।

केही मानिसहरूको बेफ्वाँकमा पैसा खर्च गर्ने बानी हुन्छ । अझ भनौँ, उनीहरू चाडपर्व, बिहे, व्रतबन्ध जस्ता कार्यमा बढी खर्च गर्छन् । अरूलाई देखाउन वा देखासिकी गर्न बिनासित्तैमा बढी खर्च गर्छन् । यो राम्रो बानी होइन । पैसा बढी खर्च गरेर मात्र चाडपर्व र व्यावहारिक कार्य सम्पन्न हुने होइन । यसका लागि त चाडपर्वप्रति वास्तविक श्रद्धा हुनुपर्छ । आफ्नो अवस्था हेरेर चाडपर्व मनाउनुपर्छ ।

हामीले दसैँमा मान्यजनबाट पाउने आशीर्वाद किनेर पाइँदैन । तिहारमा दिदीबहिनीले गरेको दीर्घायुको कामना मोल तिरेर पाइन्न । त्यस्तै, ल्होसार र फागुको रमाइलो पसलमा बेचिँदैन । तसर्थ चाडपर्व अनावश्यक खर्च गरेर होइन, सद्भावले मनाउनुपर्छ ।

पैसा बचत गर्ने बानी भयो भने धेरै कुरामा फाइदा हुन्छ । आफ्ना नातेदार, इष्टमित्रलाई खाँचो परेका बेला मद्दत गर्न सकिन्छ । सबभन्दा ठूलो कुरा साहुसँग ऋण काढ्नुपर्दैन । ऋण तिर्न नसकेर कति मानिसको बिल्लीबाठ भएको छ ।

पैसा सजिलैसँग कमाइन्छ । यसका लागि कडा मिहिनेत र परिश्रम गर्नुपर्छ । कठिन परिश्रम गरी कमाएको धन सम्पत्तिलाई बुद्धिमानीपूर्वक जोगाउनुपर्छ । रुपियाँ पैसा उचित कुरा अथवा काममा खर्च गर्नुपर्छ ।

आफूलाई नभई नहुने वस्तु मात्र किन्नुपर्छ। सकभर यस महिनामा यति खर्च गर्ने र यति जोगाउने भन्ने योजना गरे झन्  राम्रो हुन्छ। बैङ्कमा पैसा जम्मा गर्नु असल बानी हो ।

बचत गर्ने कुरा रुपियाँ पैसामा मात्र लागु हुँदैन । समयको बचत, ऊर्जाको बचत आदि विभिन्न कुरामा लागु हुन सक्छ ।

कैयौँ मानिसले बचत गरेका रकमबाट असल काम गरेका छन्। कतिले पाटी, धारा, पुस्तकालय, विद्यालय आदि खोल्न मदत गरेका छन्। हामी पनि पैसा बचत गरेर असल काममा लगाउन सक्छौं ।

शिक्षण निर्देशन

बैङ्क तथा वित्तीय संस्थाहरूबारे चर्चा गर्नुहोस् । बैङ्कले गर्ने कामबारे छलफल गराउनुहोस् । बचतको महत्त्वबारे सोध्नुहोस् । विद्यार्थीमध्ये केहीलाई प्रबन्ध पढ्न र बाँकीलाई पाठ हेर्न लगाउनुहोस् ।

## अभ्यास

१. तल दिइएका शब्द र अर्थ पढ्नुहोस् :

| शब्द | अर्थ |
|---|---|
| अशक्त | कमजोर |
| श्रद्धा | आदर |
| मान्यजन | आफूभन्दा ठुला |
| फजुल खर्च | अनावश्यक खर्च गर्ने बानी |

| | |
|---|---|
| सञ्चय | जम्मा गर्ने, जोरजाम गर्ने काम |
| स्रोत | मुहान |
| बिल्लीबाठ | बिजोग, लथालिङ्ग |
| दीर्घायु | लामो आयु |

२. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) बचत गर्दा कुन कुन कुरामा फाइदा पुग्छ ?

(ख) चाडपर्व मनाउँदा कुन कुरामा ध्यान दिनु बेस हुन्छ ?

(ग) पाठअनुसार कुन कुन कुरा किन्न पाइन्न ?

(घ) बचत गर्ने कुरा के के मा लागु हुन्छ ?

(ङ) बचत गरेको धन केमा लगाउन सकिन्छ ?

३. बायाँका मिल्दा वाक्यसँग दाँयाका मिल्दा शब्द छानी खाली ठाउँमा लेख्नुहोस् :

उदाहरण : मितव्ययीले फारो गरी खर्च गर्छ ।

फजुलखर्चीले जथाभावी खर्च गर्छ ।

(क) ......... लाई दुई छाक खान धौधौ पर्छ ।

(ख) ............ सँग प्रशस्त धनसम्पत्ति हुन्छ ।

(ग) .......... खाता खोली पैसा जम्मा गरिन्छ ।

| |
|---|
| चाडपर्व |
| आदर |
| गरिब |
| आशीर्वाद |
| बैङ्कमा |
| धनी |

(घ) आफूभन्दा सानालाई ....... दिइन्छ ।

(ङ) आफूभन्दा ठूलालाई ....... गरिन्छ ।

(च) सद्भाव र उमङ्गले ....... मनाइन्छ ।

४. तलका कुराकानी पढ्नुहोस् ।

(क) तृप्ति : मैले एउटा कार्यालयको नाम सम्झेँ ।

मीना : त्यो कार्यालय हाम्रो गाउँमा छैन ?

तृप्ति : छ ।

मीना : त्यो भए त्यो कार्यालयमा कोको जान्छन् ?

तृप्ति : सबै जान्छन् ।

मीना : त्यस कार्यालमया पढाउने काम हुन्छ कि झगडा छिन्ने काम हुन्छ ?

तृप्ति : दुइटै काम हुँदैन ।

मीना : त्यो कार्यालयमा जाँदा फाइदा हुन्छ कि बेफाइदा ?

तृप्ति : त्यस कार्यालयमा गई कारोबार गर्नेलाई फाइदा हुन्छ ?

मीना : त्यस कार्यालयले रुपियाँपैसा सम्बन्धी काम गर्छ ?

तृप्ति : हो ।

मीना : त्यसो भए त्यो बैङ्क हो ?

तृप्ति : हो ।

५. उदाहरण हेर्नुहोस् र वाक्य ढाँचामा परिवर्तन गर्नुहोस् ।

उदाहरण : बचत गर्ने बानी असल हो ।

फजुल खर्च गर्ने बानी असल होइन ।

गर्मीमा सर्बत खाइन्छ ।

जाडामा सर्बत खाइदैन ।

(क) सूर्य पश्चिममा अस्ताउँछन् ।

(ख) असारमा धान रोपिन्छ ।

(ग) गर्मीमा पङ्खा चलाउँछन् ।

(घ) हिमालमा हिउँ हुन्छ ।

(ङ) धनीसँग पैसा हुन्छ ।

६. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

अशक्त, बचत, स्रोत, बैङ्क, आम्दानी, शिक्षा, प्रेम, सम्पत्ति

७. पढ्नुहोस् र मनन गर्नुहोस् :

क्रियापदले काम हुने भन्ने बुझाउँछ भने त्यस्तो वाक्य करण हो ।

जस्तै : ऊ घर जान्छ ।

क्रियापदले काम नहुने भन्ने बुझाउँछ भने त्यो अकरण वाक्य हो ।

जस्तै : ऊ घर जाँदैन ।

पाठ बाइस

# चाडपर्वलाई सलाम

- तेजप्रकाश श्रेष्ठ

(नेपालमा विभिन्न जातजाति र धार्मिक आस्थाका मानिसहरू बसोबास गर्छन् । सबै नेपालीले मनाउने चाडपर्वहरू एउटै महिनामा पर्दैनन् । वर्षका बाह्र महिनामध्ये फरक फरक महिनामा फरक फरक जातिका चाडबाडहरू पर्छन् । यस कवितामा कविले बाह्र महिनामा देखिने प्राकृतिक परिवर्तन र हाम्रा चाडपर्वबारे चर्चा गरेका छन् । हामी पनि हाम्रा चाडपर्वबारे जानकारी लिऔँ ।)


आयो आयो वैशाख, बेला नव वर्ष
बुद्ध जयन्ती मनाऔँ, उभौलीको हर्ष





आयो आयो जेठ, याम तातोतातो
सिठीनखः चाडमा, खाने मिठोमिठो

आयो आयो असार, धान  रोप्ने बेला
इद फित्र पर्वको, महिनाभर रोजा
आयो आयो साउन, याम झमझमे



बौद्ध पुङ्जादान, राखी र जनैपूर्णे
आयो आयो भदौ, बेला घामपानी
तीज र गौरामा, छमछम नाच्छौँ हामी





आयो आयो असोज याम घमाइलो
चङ्गा, पिङ खेल्दा, दशैँ रमाइलो




आयो आयो कार्तिक, बेला फूलैफूल
गाउँघरमा रन्क्यो, छठ र तिहार
आयो आयो मङ्सिर, याम धान भुल्ने
उधौलीमा धान नाँच, अहा धन्यपूर्णे



आयो आयो पुस, बेला जाडोजाडो
क्रिसमसमा सान्ताक्रुज, दिन्छ माया न्यानो



आयो आयो माघ, घाम ताप्ने याम
मनाउने ल्होछार र माघी धूमधाम



आयो आयो फागुन, बेला गुराँस फुल्ने
तराई र पहाड होलीमा सब भुल्ने



आयो आयो चैत, हुरी चल्ने याम
चैते दशैं चाड, सबैलाई सलाम ।



## अभ्यास

१. तलका शब्द र अर्थ पढ्नुहोस् :

| शब्द | अर्थ |
| --- | --- |
| उभौली | किराँत, राई लिम्बूका चाँड |
| सिथीनख | नेवार समुदायको चाड |
| इदफित्र | मुसलमान समुदायको चाड |
| पङ्जादान | बौद्ध धर्मावलम्बीहरूको चाड |
| गौरा | सुदूर पश्चिममा मनाइने चाड |
| छठ | पूर्वी तराईमा मनाइने चाड |
| उधौली | किरात, राई लिम्बूहरूको चाड |
| क्रिसमस | इसाई धर्मावलम्बीहरूको चाड |
| माघी | थारु समुदायको चाड |
| ल्होछार | शेर्पा, गुरुङ, थकाली, तामाङ आदि जातिको चाड |

२. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) बुद्ध जयन्ती कुन महिनामा पर्छ ?

(ख) असोज महिनामा मनाइने पर्व कुन हो ?

(ग) इदफित्र कुन समुदायको मुख्य चाड हो ?

(घ) ल्होसार पर्व मनाउने समुदाय कुन कुन हुन् ?

(ङ) उधौली पर्व कुन महिनामा पर्छ ?

३. तलका शब्दहरू शुद्धसँग उच्चारण गर्नुहोस् :

जनैपूर्णिमा, सिथीनख, क्रिसमस, सान्ताक्रुज, बौद्ध, चङ्गा, धान्यपूर्णे

४. जोडा मिलाउनुहोस्

| | |
|---|---|
| वैशाख | इद |
| असार | तीज |
| भदौ | छठ |
| कार्तिक | माघी |
| माघ | बुद्ध जयन्ती |

५. खाली ठाउँ भर्नुहोस् :

(क) जेठ महिनामा .................... पर्व पर्छ ।

(ख) साउन महिनामा .................... पर्व पर्छ ।

(ग) बडादशैँ .................... धर्मावलम्बीको पर्व हो ।

(घ) उधौली पर्व .................... महिनामा पर्छ ।

(ङ) होली .................... भूभागमा मनाइन्छ ।

६. तलका क्रियापद प्रयोग गरी वाक्य बनाउनुहोस् :

जान्छु, बस्छौँ, खानुहुन्छ, पढ्छे, डुल्छ

पाठ तेइस

# गोठे र ठगे


(गाउँ सहरमा विभिन्न स्वभावका मानिसहरू हुन्छन् । कतिपयको स्वभाव सहयोगी हुन्छ भने कतिपयको स्वभाव दुष्ट हुन्छ । दुष्ट स्वभावका मानिसहरूले आफ्नो वा पराई कसैलाई पनि दुःख दिन छाड्दैनन् । त्यसैले हामीले त्यस्ता व्यक्तिहरूलाई राम्रोसँग चिनेर मात्र व्यवहार गर्नुपर्छ । गोठे र ठगे कथाले यस्तै सन्देश प्रवाह गरेको छ ।)



डाँडा गाउँमा गोठे र ठगे बस्थे । तिनीहरू निकै मिल्ने साथी थिए । तिनीहरू  जहाँ जाँदा पनि सँगै जान्थे । एकदिन तिनीहरू पैसा कमाउन विदेश लागे ।

तिनीहरूले विदेशमा धेरै पैसा कमाए । त्यसपछि उनीहरूले घर फर्कने विचार गरे ।

घर फर्कंदा बाटोमा ठगेले गोठेलाई भन्यो, “हेर् गोठे यति धेरै पैसा बोकेर घर जानु हुन्न । डाँकाहरूले लुट्न सक्छन् ।” यो सुनेर गोठेले भन्यो, “त्यसो भए के गर्ने त ?” ठगेले भन्यो, यतै कतै जङ्गलमा खाल्डो खनेर पैसा राखौँ र घर जाऔँ । गोठेले ठगेको कुरा मान्यो । उनीहरू दुबैले खाल्डोमा पैसा राखेर घर गए ।



भोलिपल्ट उनीहरू पैसा लिन आए तर खाल्डोमा पैसा थिएन । त्यसपछि ठगेले गोठेलाई भन्यो, “यहाँ राखेको पैसा तैंले लगेको हुनुपर्छ ।” गोठेले रिसाउँदै भन्यो, “हेर ठगे नचाहिँदो कुरा नगर । बरु तैले लगेको हुनुपर्छ । उनीहरूबीच पैसा हराएको विषयमा लामो समय भनाभन भएछ । त्यसपछि दुबै जना जलदेवताकहाँ गएछन् र सोधेछन् । “जलदेवता ! हाम्रो पैसा कसले लगेको हो भनिदिनुपर्‍यो । जलदेवताले खाल्डोमा राखेको पैसा गोठेले लगेको हो भनेर बताएछन् ।

गोठेलाई जलदेवताको आवाज मान्छेको  जस्तै लागेछ । गोठेले रूखको टोड्कामा ठगेले मान्छे लुकाएको होला भनी शङ्का गरेछ । त्यसपछि उसले जङ्गलमा आगो लगाइदिएछ ।



आगोले रुखको टोड्को पनि भेट्न थालेछ । त्यसपछि टोड्कामा लुकेको मान्छे आत्तिदै बाहिर  निस्केछ । उसलाई देखेपछि गोठे दङ्ग परेछ । त्यो त ठगेको बाबु पो रहेछ । त्यसपछि ठगे लाजले रातोपिरो भएछ । अन्त्यमा ठगेको बाबुले गोठेसँग माफी मागेछ र गोठेलाई ठगेले लगेको पैसा दिनुपर्ने निर्णय सुनाएछ । ठगेले पछुताउँदै सबै पैसा गोठेलाई दिएछ ।

## अभ्यास

१. तलका शब्द र तिनको अर्थ पढ्नुहोस् :

| शब्द | अर्थ |
| --- | --- |
| जङ्गल | बाक्ला रुखबिरुवाहरू भएको ठाउँ |
| खाल्डो | आफै बनेको वा खनेर बनाइएको गहिरो ठाउँ |
| जलदेवता | जल वा पानीका देवता |
| टोड्को | रुखको थाम वा ठुलो हाँगामा बनेको खोक्रो भाग |
| दङ्ग | छक्क, जिल्ल |
| माफी | दण्ड, सजाय आदिबाट मुक्ति |
| पछुतो | आफूले गरेको काममा गल्ती थाहा भएपछि हुने खिन्नता |

२. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) डाँडा गाउँमा को बस्थे ?

(ख) गोठे र ठगे किन विदेश गए ?

(ग) गोठे र ठगे किन पैसा नलिई घरतिर लागे ?

(घ) गोठे र ठगेबिच के विषयमा भनाभन भयो ?

(ङ) रुखको टोड्कामा ठगेले कसलाई राखेको रहेछ ?

(च) गोठे र ठगेमध्ये तपाईंलाई कुन पात्र मन पर्‍यो ?

३. कसले कसलाई भनेको हो ? लेख्नुहोस् :

(क) त्यसो भए के गर्ने त ?

(ख) यति धेरै पैसा बोकेर घर जानु हुन्न ।

(ग) जङ्गलमा खाल्डो खनेर पैसा राखौँ ।

(घ) जलदेवता ! हाम्रो पैसा कसले लगेको हो भनिदिनुपर्‍यो ।

(ङ) खाल्डोमा राखेको पैसा गोठेले लगेको हो ।

४. तलका शब्दहरू शुद्धसँग उच्चारण गर्नुहोस् :

डाँकाहरू, जङ्गल, खाल्डो, टोड्को, निर्णय

५. आफूले सुनेको कुनै लोककथा कक्षामा सुनाउनुहोस् ।

६. तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

धन, रुख, गाउँ, विदेश, सुख

७. कोष्ठकमा दिइएका शब्दहरू छानी वाक्य पूरा गर्नुहोस् :

(क) ................ केटो आयो । (राम्रो/राम्री)

(ख) ................ केटी बजार गई । (गोरो/गोरी)

(ग) ................ गाई दुध दिन्छ । (माली/माले)

(घ) ................ बाबु पढ्छ । (सानी/सानो)

(ङ) ................ नानी खेल्छे । (सानो/सानी)

८. तलका वाक्यमा पूर्णविराम ( । ) र प्रश्नवाचक ( ? ) चिह्नमध्ये

कुन मिल्छ ? राख्नुहोस् :

(क) तपाईँको नाम के हो

(ख) मेरो नाम रमिता हो

(ग) तपाईँ कति वर्षकी हुनुभयो

(घ) म पच्चिस वर्षकी भएँ

(ङ) तपाईँलाई कुन कुन फलफूल मन पर्छ

(च) मलाइ आँप, केरा र सुन्तला मन पर्छ

९. उदाहरणमा दिइएजस्तै तल दिइएका शब्दहरू छानी खाली ठाउँ भर्नुहोस् :

बाल, माया, दीन, मित, जो

जस्तैः माया प्रीति

.................. बच्चा .................. कोही

.................. ब्ययी .................. दुःखी